# परिच्छेद : एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

स्त्री र पुरुषबीच प्राकृतिक रुपमै धेरै विभिन्नताहरु छन् । शारीरिक बनोटदेखि बानी, स्वाभाव तथा कार्यशैलीमा समेत लिङ्गको प्रभाव पाउन सकिन्छ । यद्धपि, कतिपय अवस्थामा भने यही प्राकृतिक विषयलाई लैङ्गिक विभेदको चरको रुपमा समाजले उपयोग गर्दै आएको देखिन्छ । त्यसैले विश्व मानव इतिहासमा सामाजिक जीवनको सुरुवातदेखि नै महिलाहरु सामाजिक, आर्थिक तथा मानसिक रुपमा केही न केही प्रकारका विभेदहरु भ्फेल्दै आएका छन् ।

अभ्फैपनि ग्रामीण भेगका महिलाहरु उक्त चपेटाबाट मुक्त हुन सकेका छैनन् । नेपालको सन्दर्भमा प्रजातन्त्रको पुनस्थापना पछि महिलाहरुको जीवनस्तर माथि उठाउन विभिन्न किसिमका स्रोत-साधन तथा बाटोको खोजी गर्ने कार्यमा मानिसहरुले चासो लिन शुरु गरेको देखिन्छ । यसैको परिणाम स्वरुप विस्तारै विस्तारै महिला शक्तिले पनि समाजमा आफूलाई समान हकदारको रुपमा चिनाउँदै आज एउटा फरक परिवेश निर्माण भएको छ ।

शिक्षालाई देशको आर्थिक एवं सामाजिक विकासको मेरुदण्डको रुपमा लिइन्छ । शिक्षा समतामूलक समाज निर्माणको आधार पनि हो । शिक्षा कै माध्यमबाट समाजले सचेत, सक्षम र उत्पादनशील नागरिकको कल्पना गरेको हुन्छ । त्यसकारण शैक्षिक विस्तार जहिले पनि देशको प्राथमिकतामा हुन्छ । विश्वकै शैक्षिक इतिहासलाई नियाल्दा शिक्षा विशेषतः धार्मिक पृष्ठभूमिबाट हुर्केको र घर, मठ, मन्दिर र चर्चहरुबाट शुरु भई शिक्षालयमा परिवर्तन भएको र यसो गर्न समुदायको नै अग्रणी भूमिका रहेको देखिन्छ । सन् १९४८ मा संयुक्त राष्ट्र संघले गरेको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २६ मा शिक्षालाई मौलिक अधिकारको रुपमा घोषित गर्दै आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने किटान गरेको छ । यसका साथै सोही घोषणा-पत्र अनुसार छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुनेछ । भन्ने प्रावधानले उपभोक्ता र सरोकारवालालाई केन्द्रविन्दुमा राखेको पाइन्छ (विष्ट, २००४) ।

नेपालको शैक्षिक लगानीको इतिहासलाई हेर्दा गुरुकुल शिक्षा पद्धतिमा विद्यार्थी स्वयंले शिक्षाको खर्च जुटाउनु पर्दथ्यो । शैक्षिक लगानीको प्रमुख स्रोत घरपरिवार नै थियो । शिक्षालय सञ्चालनार्थ भिक्षादान गरेर गुठी बनाउने, गुठीको रुपमा जमिन राख्ने र

शिक्षकलाई गुठीको आम्दानी र विद्यार्थीहरुले दान गरेको सिदा नै प्रमुख आयस्रोतको रुपमा रहन्थ्यो (खनाल, २०६१) ।

वि.सं. १९९६ मा जारी भएको शिक्षा इस्तिहारले विद्यार्थीले पढाइ शुल्क तोक्दिनको साथै एउटा निश्चित आधारमा विद्यालयलाई सरकारी सहयोग उपलब्ध गराउने आधार तय गर्‍यो । त्यस पश्चात् सरकारले विद्यालयलाई सहुलियत प्रदान गर्न एउटा संयन्त्र बनायो र सोही संयन्त्र अनुसार विद्यालयलाई एकमुष्ठ आर्थिक सहयोग (Block Grant) उपलब्ध गराउने परिपाटी बस्यो र राष्ट्रिय ढुकुटी शैक्षिक लगानीको प्रमुख स्रोत बन्यो । शिक्षा सार्वजनिक चासो एवं बालबालिकाको नैसर्गिक अधिकारको विषय भएकोले प्रत्येक बालबालिकालाई सहभागिता अनिवार्य सर्त मानिन्छ । नेपालको शैक्षिक इतिहासले यही विषयलाई पुष्टि गरेको यथार्थ  हाम्रो सामु छर्लङ्ग छ (विष्ट, २००६) ।

राष्ट्र विकासको मेरुदण्डको रुपमा रहेको शैक्षिक विकासलाई योजनाबद्ध रुपमा सञ्चालन गर्न केन्द्रीय तहदेखि विद्यालय तहसम्म शैक्षिक व्यवस्थापनलाई सुदृढ गरी अपेक्षित लक्ष्य हासिल गर्न नसके शिक्षा क्षेत्रमा गरिएको लगानीले सार्थकता नपाउने निर्विवाद छ । विद्यालय तहसम्मको व्यवस्थापकीय जिम्मेवारीमा वास्तविक उपभोक्तालाई नै सहभागी गराउन नसकेको हुनाले विद्यालयको व्यवस्थापनमा स्थानीय समुदायको संलग्नता वृद्धि गर्ने उद्देश्यबाट विद्यालय व्यवस्थापनको जिम्मेवारी सुमदायलाई दिने नीति अगाडि सारिएको हुनु पर्दछ ।

सन् १९९२ को शिक्षा नियमावलीले कुनै पनि सार्वजनिक विद्यालयमा कम्तिमा पनि एकजना महिला शिक्षक अनिवार्य रुपमा हुनुपर्ने प्रावधान बनाएको थियो । विद्यालय तहमा महिला शिक्षक नियुक्तिले छात्रा सहभागितामा सकारात्मक प्रभाव पार्दछ भन्ने कुरा दक्षिण एशियाली मुलुकबाट प्राप्त अनुभवलाई नक्कल गर्दै उक्त उच्चस्तरीय बैठकले धेरै महिला शिक्षकहरु ग्रामीण विद्यालयहरुमा नियुक्त गर्ने निर्णय समेत गरेको थियो (विष्ट, २००६) ।

यस अध्ययनले महिला शिक्षकको नियुक्तिले विद्यालय शिक्षामा छात्रा सहभागितामा वृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ । यसको अर्थ विद्यालयीय शिक्षा र छात्रा सहभागिताबीच महिला शिक्षकले एउटा पुलको काम गर्दछिन् । छात्र तथा छात्रा विद्यार्थी दुवैका लागि शिक्षा शिक्षाको गुणस्तर प्रभावकारी बनाउन तथा उकास्न महिला शिक्षकले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसैले “सबैका लागि शिक्षा” अन्तर्गतको कार्यक्रमले प्रत्येक विद्यालयमा कम्तिमा पनि एकजना महिला शिक्षक अनिवार्य नियुक्ति गर्नुपर्ने

नीतिलाई जोड दियो । नेपालमा सन् १९८९ सम्ममा विद्यालय तहमा महिला शिक्षकहरु १३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको थियो भने सन् २००१ मा ३० प्रतिशत र सन् २०१५ मा ५० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ (उही) ।

विद्यालय तहमा छात्राहरुको अवस्था सुधारमा लैगिंक विभेदको अन्त्यले महत्वपूर्ण भूमिका खेल्दछ । यसै सिलसिलामा शिक्षामा लैगिंक विभेद कम गर्न नेपाल सरकारले विद्यालय तहमा महिला शिक्षकहरु नियुक्ति गर्ने नीति निर्माणकर्ताहरु र योजनाविद्हरु महिला शिक्षकको भूमिका देख्दछन् र यो मान्यता राख्दछन् कि महिला शिक्षकको उपस्थितिले बालबालिकाहरुलार्य प्राथमिक तह पूरा नगरुञ्जेलसम्म विद्यालय पढ्न पठाउने कुराप्रति अभिभावकहरु आकर्षित हुन्छन् ।

उल्लेखित विचारसँग नेपाल र अन्य मुलुकका धेरै अध्ययनकर्ताहरु पनि सहमत भएका छन् । विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न  र छात्राहरुले विद्यालयमा भोग्नुपरेका तत्कालिन समस्याहरुलाई निवारण गर्न महिला शिक्षकहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले छात्रा तथा अभिभावक दुवैले महिला शिक्षकको उपस्थितीमा सुरक्षित र आरामदायी महशुस गरेका हुन्छन् । यसरी के भन्न सकिन्छ भने विद्यालयमा महिला शिक्षकहरु कम भएका कारणले गर्दा केही छात्राहरुले विद्यालय तहको शिक्षा पूरा नगरी विचैमा छोड्ने गरेको हुन सक्दछ किनभने छात्राहरुलाई प्रभावकारी शिक्षण गराउने कार्य महिला शिक्षकहरुले मात्र गर्न सक्दछन् । यस्ता किसिमका मान्यताहरुको विकास शैक्षिक नीति निर्माणकर्ताहरु र योजनाकर्ताहरुलाई विद्यालय तहमा महिला शिक्षकहरुको संख्यात्मक वृद्धिले छात्र र छात्रा दुवैको सहभागितामा पनि वृद्धि गर्दछ भन्ने विकल्प छनौट गर्न मद्दत पुऱ्याउँदछ ।

ततकालिन श्री ५ को सरकारले सन् १९७१ मा शिक्षामा छात्रा सहभागिता वृद्धि गर्नका लागि महिला शिक्षकहरु नियुक्ति गर्ने उद्देश्यकासाथ महिला शिक्षामा समान पहुँच परियोजना सञ्चालन गऱ्यो, जुन समयमा ग्रामिण क्षेत्रमा योग्य र शिक्षित महिलाहरु कमै मात्र थिए । उक्त कार्यक्रमले विद्यालय तहमा महिला शिक्षकहरुको संख्या वृद्धि गर्न शिक्षा प्राप्त गरेका योग्य र दक्ष महिला शिक्षकहरुको नियुक्तिलाई उच्च प्राथमिकता दियो । सन् १९८३ पछि उक्त कार्यक्रमलाई नेपाली महिला र बालबालिकाहरुको लागि शिक्षाको नामले पुनः नामाकरण गरियो (विष्ट, २००४) । सन् १९८८ मा यस कार्यक्रमद्वारा २५०० महिलाहरुलाई प्राथमिक शिक्षक तालिम प्रदान गरियो । त्यसैगरी, सन् १९७५ मा पाँचौ

पञ्चवर्षीय योजनाको रुपमा नेपाल सरकारले दुर्गम क्षेत्रका विद्यालय तहमा छात्राहरुको वृद्धि गर्ने उद्देश्यकासाथ विद्यालयीय वृद्धि कार्यक्रम सञ्चालन गर्‍यो । सन् १९९३ मा सरकारले विद्यालयहरुमा महिला शिक्षक वृद्धि गर्न आधारभूत तथा प्राथमिक शिक्षा परियोजना को पहिलो चरणको कर्यक्रम राष्ट्रव्यापी रुपमा सञ्चालन गर्‍यो । उक्त कर्यक्रमको अन्त्य (सन् १९९८) सम्ममा नेपाल सरकारले उक्त कार्यक्रमको लक्ष्य अनुरुप४२०० महिला शिक्षकहरु विद्यालय तहमा नियुक्ति गर्न सक्षम भयो (विष्ट, उही) । यसरी विद्यालय तहमा शिक्षण पेशामा निश्चित मात्रामा महिला शिक्षकहरुको नियुक्ति त गर्‍यो तर नियुक्ति प्रक्रियामा केही दोषहरु पनि देखिए । शहरी क्षेत्रका कतिपय बेरोजगार महिलाहरुलाई ग्रामिण विद्यालयहरुमा नियुक्ति दिइएको हुनाले तिनीहरुलाई दुर्गम क्षेत्रमा बसेर शिक्षण गर्नका निमित्त समस्याहरु आइपरे । ति महिला शिक्षकहरुको नियुक्ति र वितरण केन्द्रिकृत रुपमा बिना प्रतिस्पर्धात्मक ढंगबाट अपारदर्शी र हचुवा प्रक्रियाबाट गरिएको भन्ने आरोप लागेको थियो ।

आधारभूत प्राथमिक शिक्षा परियोजना (BPEP) (२००२) ले जिल्लाका सदरमुकाम र प्रमुख शहरी क्षेत्रहरुमा बढी मात्रामा महिला शिक्षकहरु नियुक्ति गरेको तथा ग्रामिण तथा दर्गम भेगमा कम मात्र महिला शिक्षकहरु नियुक्ति गरेको थियो । सन् १९९० को मध्यतिर तत्कालिन श्री ५ को सरकारले देशभित्रका प्रत्येक विद्यालयमा न्यूनतम एकजना महिला शिक्षक रहनैपर्ने घोषण गर्‍यो ।

प्राथमिक शिक्षालाई विश्वव्यापिकरण गर्ने हेतुले सन् १९७५ र १९९० का बीचमा राष्ट्रिय विकास योजना प्राथमिक तहमा महिला शिक्षकको आवश्यकता औंल्यायो । पाँचौ पञ्चवर्षीय योजना अवधि (सन्१९७५ देखि १९९०) मा प्राथमिक तहमा छात्रा भर्नादर बढाउन विद्यालय महिला शिक्षकहरु नियुक्ति गरियो । ती नियुक्ति गरिएका महिला शिक्षकहरुलाई छोटो समयमा उपयुक्त तालिम प्रदान गरी कार्यक्षमतामा वृद्धि गर्दै ग्रामिण जिल्लाका छात्राहरुको शैक्षिक योग्यतामा वृद्धि गर्ने मुख्य उद्देश्यका साथ सन् १९७५ मा नेपाल सरकारले शैक्षिक योग्यता वृद्धि कार्यक्रम सञ्चालन गर्‍यो । यसका लागि तत्कालीन श्री ५ को सरकारले १४ वटा (हाल १८ वटा) छात्राहरुका लागि आवासिय होस्टल सुविधा प्रदान गरिएको छ । आज पनि ति आवासीय होस्टेलहरु संचालित अवस्थामै छन् ।

यसरी माध्यमिक शिक्षाको व्यवस्था गरेर दश महिने शिक्षक तालिम पनि प्रदान गरि तिनीहरुलाई सक्षम महिला शिक्षक बनाइ आफ्नै घर, गाउँमा फर्केर शिक्षकका रुपमा सेवा गर्ने अवसर प्रदान गरी नेपालका अति विकट र दुर्गम ठाउँका शिक्षकबाट वञ्चित भएका

सम्पूर्ण बालबालिकाहरु सम्म शिक्षाको पहुँच पुऱ्याई शिक्षालाई विश्वव्यापीकरण गर्ने नीति सरकारले निरन्तर अवलम्बन गर्दै आएको छ ।

सेरिड (CERID) ले सन् १९९६ र मित्र (MITRA) ले सन् २००१ मा फिडर होस्टेल कार्यक्रममा प्रभावकारीता अध्ययन गरेका थिए । अध्ययन अनुसार विद्यालयमा छात्रा सहभागिता वृद्धि गरी ग्रामिण क्षेत्रका विद्यालयहरुमा महिला शिक्षक संख्या बढाउने अभियानका निम्ति फिडर होस्टेल कार्यक्रम सहयोगी देखिएको थियो । तर उक्त अध्ययनले यो निष्कर्ष निकालेको थियो कि फिडर होस्टेल कार्यक्रमले ग्रामिण क्षेत्रमा महिला शिक्षक उत्पादन र वितरणको साधनको रुपमा त्यति प्रभावकारी कार्य गरेन । यद्धपि यो कार्यक्रम ग्रामिण र विकट क्षेत्रमा छात्रा सहभागितामा वृद्धि गर्न, माध्यमिक शिक्षासम्म पहुँच बढाउन कहिल्यै शिक्षित अवस्थामा पुग्न नसक्ने र पहुँच नभएका केटीहरुका लागि एउटा शसक्त माध्यम बनेको थियो (विष्ट, २००४) ।

नेपालका विकास योजनाहरुको अध्ययन गर्दा छैटौँ पञ्चवर्षीय योजना सन् (१९८०-०८५) ले देशको प्राथमिक शिक्षामा छात्राहरुको सहभागितामा वृद्धि गर्न महिला शिक्षक नियुक्ति गर्नुपर्ने तथ्याङ्कलाई निरन्तर प्राथमिकता दिने योजना तय गरी फिडर हास्टेल कार्यक्रममा छात्राहरुको भर्ना अत्याधिक गरेर धेरै महिलाहरुलाई शिक्षण पेशातिर आकर्षण गर्ने काम गरेको पाइन्छ ।

सन् १९९० को जनआन्दोलन र प्रजातन्त्रको पुनस्थापना पश्चात नेपालले पनि सन् १९९० मा थाइल्याण्डको जोम्टेनमा भएको “सबैका लागि शिक्षा” विषयक विश्व सम्मेलनको घोषणापत्र अनुसार केही नयाँ कार्यहरु गऱ्यो जसको उद्देश्य आधारभूत प्राथमिक शिक्षामा वृद्धि गर्नु थियो । त्यसैले सन् १९९२ मा तत्कालीन श्री ५ को सरकारले देशमा भएको राजनीतिक परिवर्तन अनुसार उपयुक्त शैक्षिक नीति तथा कार्यक्रमहरु तय गर्न राष्ट्रिय शिक्षा आयोगको गठन गऱ्यो । उक्त आयोगको रिपोर्टमा आधारभूत शिक्षालाई तत्काल प्राथमिकता दिन सरसरलाई सल्लाह दियो । उक्त आयोगले प्राथमिक कक्षाहरुमा कम्तिमा पनि एकजना महिला शिक्षक नियुक्त गर्ने प्रावधान निर्माण गर्नुपर्ने सुझाव दियो । जसको फलस्वरुप प्रत्येक प्राथमिक विद्यालयमा अनिवार्य रुपमा थोरैमा पनि एकजना महिला शिक्षक नियुक्त गर्नुपर्ने कुरा शिक्षा नियमावली सन् १९९२ मा समावेश गरियो ।

आठौँ पञ्चवर्षीय योजना (१९९२-९७) ले राष्ट्रिय शिक्षा आयोग र आधारभूत तथा प्राथमिक शिक्षाको उच्चस्तरीय योजनाद्वारा तय गरिएको नीति तथा संयन्त्रहरुलाई ग्रहण

गऱ्यो । उक्त योजनाको लक्ष्य ६ देखि १० वर्ष उमेरसमूहका बालबालिकाहरुको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउनु थियो ।  अर्कोतिर पाँच वर्षभित्रमा ५१०० महिला शिक्षकहरु विद्यालयभित्र ल्याउने योजना पनि बनाएको थियो । उक्त योजनाको अन्त्यतिर सरकारले २ वटा आधारभूत तथा प्राथमिक शिक्षा विकास परियोजनाहरु सञ्चालन गऱ्यो । पहिलोलाई विश्व बैङ्क, डेनमार्क, युनिसेफले सहयोग गरेको थियो भने दोस्रो एडीबीको ऋण सहयोगमा सञ्चालित थियो ।

नवौं पञ्चवर्षीय योजना (१९९७-२००२) ले शिक्षालाई “गरिबी निवारण गर्ने मौलिक साधन” को रुपमा हेऱ्यो । यो योजनाले आधारभूत तथा प्राथमिक शिक्षामा दुर्गम क्षेत्रका दलित, शोषित, पिछडिएका र शिक्षाको पहुँचबाट वञ्चित भएका बालबालिकाहरुलाई समान सहभागिता वृद्धि गराउने कुरामा जोड दियो । योजनाले २,००० महिला शिक्षकहरु सहित नयाँ १५,००० शिक्षकहरुलाई नियुक्त गर्ने लक्ष्य राखेको थियो । यसै योजनाको  समयमा BPEP-II को दोस्रो फेज लागू भयो, जसको उद्देश्य आधारभूत तथा प्राथमिक शिक्षाको गुणस्तर तथा पहुँच सुधार गर्नु थियो । उक्त योजनाले प्रत्येक प्राथमिक विद्यालयमा कम्तिमा एक जना महिला शिक्षक नियुक्त गर्ने कार्यलाई लागू गर्दै निम्न माध्यमिक र माध्यमिक विद्यालयहरुमा समेत महिला शिक्षकहरु नियुक्त गर्ने योजना बनायो ।

सन् १९९९ मा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले नेपालका प्रत्येक पूर्व प्राथमिक र माध्यमिक विद्यालयहरुमा महिला शिक्षक अनिवार्य हुनुपर्ने प्रावधान निर्माण गऱ्यो । उक्त प्रावधान उच्चमाध्यमिक विद्यालय तथा विश्वविद्यालयहरुमा पनि बनाउनु पर्ने सुझाव सरकार समक्ष प्रस्तुत गऱ्यो । यसले देशको शैक्षिक नीति निर्माण तथा निर्देशन गर्ने तहहरुमा पनि महिलाहरुलाई नियुक्ति गर्नुपर्ने कुरामा जोड दियो (विष्ट २००६) ।

दशौं पञ्चवर्षीय योजना (२००२-२००७) ले लैङ्गिक प्रवाहलाई समाजमा समावेश गर्दै लैजाने कुरामा जोड दिएको थियो । यसले व्यक्तिलाई लिङ्ग, जाति, भाषा, र धर्मका आधारमा भेदभाव नगरी सबैलाई गुणस्तरीय आधारभूत शिक्षाको समान पहुँचसम्म पुऱ्याउने नीति अवलम्बन गरेको थियो । योजनाको लक्ष्य प्राथमिक तहमा ३० प्रातिशत महिला शिक्षकहरु पुऱ्याउनु रहेको थियो ।

सबैका लागि शिक्षा कार्यक्रमले महिला शिक्षाको महत्वका बारेमा नयाँ सजकता र सचेतना फैलाए तापनि विभिन्न कारणहरुले गर्दा उक्त नीति केवल कागजमा मात्र सीमित रहेको छ । पहिलो कारण छात्राहरुको विद्यालय सहभागिता एकदमै न्यून भएका कारणले

गर्दा दुर्गम तथा ग्रामिण क्षेत्रमा त्यही महिला शिक्षकहरु उत्प्रेरणा र सुरक्षाका कारणले गर्दा ग्रामिण क्षेत्रका विद्यालयहरुमा गएर काम गर्न तयार नहुनु हो भने तेस्रो कारण विद्यालयमा मुश्किलले मात्र शिक्षक पद प्राप्त गर्न सकिन्छ किनकि विद्यालयमा जतिपनि शिक्षक पदहरु हुन्छन् ती पदहरुमा पुरुषसँगै महिलाहरुले कडा प्रतिस्पर्धा गर्नु पहिरहेको छ । चौथो विद्यालय तथा जिल्लामा उचित निर्देशन र अनुगमनको अभावले गर्दा उक्त महिला शिक्षकको नियुक्ति सम्बन्धि नीति लागू हुन कठिनाई परिरहेको छ (विष्ट,२००६) ।

शिक्षामा गरिने लगानी भनेको दीर्घकालिन प्रतिफल प्राप्त हुने लगानी हो । यस क्षेत्रमा हुने लगानीलाई प्रभावकारी व्यवस्थापनद्वारा अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्नु पर्दछ । शिक्षामा विगतको तुलनामा लगानी बढाएको पाइन्छ । जुन अनुपातमा यस क्षेत्रमा लगानी बढाएको छ सो अनुपातमा शैक्षिक गुणस्तर भने सन्तोषप्रद देखिदैन । यही तथ्यलाई मनन गरी नेपाल सरकारले शिक्षा ऐन २०२८ को सातौं संशोधन पश्चात् वि.सं. २०५८/०५९ बाट शैक्षिक विकेन्द्रिकरणको नीति अनुरुप विद्यालय व्यवस्थापनको जिम्मा समुदायलाई दिदै आएको पाइन्छ । शैक्षिक विकेन्द्रिकरण सँगसँगै शिक्षामा महिला शिक्षकहरुको सहभागीतालाई प्राथमिकता दिइए पनि त्यसले उल्लेख्य सन्तोषपूर्ण नतिजा दिन सकेको छैन । वि.सं.२०६० सालमा आईपुग्दा जम्मा २४ प्रतिशत महिला शिक्षकहरु कार्यरत रहेको सरकारी तथ्याङ्कले देखाउँछ (DOE, 2063) ।

महिला शिक्षकको शैक्षिक स्थिति अध्ययनमा विष्टले युनेस्कोमार्फत गरेको एक अध्ययन अनुसार सम्पूर्ण विद्यालय तहमा (प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक) गरी जम्मा ५४ प्रतिशत महिला शिक्षकहरु अस्थायी छन् भने ४६ प्रतिशत स्थायी छन् । प्राथमिक विद्यालय तहमा स्थायी शिक्षकको रुपमा महिला शिक्षक (२७ प्रतिशत) भन्दा पुरुष शिक्षकहरु (६० प्रतिशत० नै बढि भएको पाइन्छ ।

वर्तमान तथ्याङ्कले नेपालमा महिला शिक्षकहरुको अवस्थामा उल्लेख्य सुधार नभएको देखाउँछ (अनुसूची-१, तालिका २ र ३) । जसअनुसार महिला शिक्षक ४,९२४, आंशिक तालिम प्राप्त महिला शिक्षक ५९४ र तालिम अप्राप्त महिला शिक्षक ३९४ रहेका छन् । यसरी हेर्दा विभिन्न प्रयासहरुका बाबजुत पनि विद्यालयमा महिला शिक्षकहरुको अवस्थामा उल्लेख्य सुधार आएको छैन ।

## १.२ समस्याको कथन

समाजमा महिलाप्रति गरिने भेदभावका साथै उनीहरुमाथि हुँदै आएको हिंसा, विभेद, पुरुष र महिलाबीचको असमानता, कुरीति, महिलाप्रति हेरिने दृष्टिकोण, पुरुष सरह महिलाले कुनै पनि काम गर्न सक्दैनन् भन्ने सोचाई, उनीहरुको पेशागत आर्थिक, शैक्षिक, तालिम, अनुभव जस्ता कुराहरुमा देखएका समस्याहरुका साथै समाजमा सरोकारवालाहरुले महिलाहरु प्रति गर्ने व्यवहार र हेर्ने दृष्टिकोण जस्ता विविध समस्याहरु छन् । यसले महिलाहरुलाई समाजमा पछाडि पारिरहको छ । यसै सेरोफेरोमा महिला शिक्षकहरुप्रति विद्यालयमा पनि विभेद रहेको पाइन्छ । महिला शिक्षकहरुप्रति गरिने शैक्षिक, आर्थिक, सामाजिक भेदभाव, उनीहरुले पाउने सुविधा, तालिम, अनुभव आदिमा पुरुषको तुलनामा केही फरक छ । अधिकांश विद्यालयमा पुरुष शिक्षक भर्ना गरिने प्रवृतिले गर्दा महिला शिक्षकहरु पछाडि परिरहेका छन् ।

यसरी समाजमा अझै पनि महिलाहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आई नसकेको र अझै पनि उनीहरुलाई एक असक्षम व्यक्तिका रुपमा गरेको परिवेशमा यो अध्ययन गरिएको छ । अध्ययनले मुख्यतया महिला शिक्षकहरुले शैक्षिक अवस्था, उनीहरुले पुऱ्याएको शैक्षिक योगदान र वर्तमान परिप्रेक्षमा महिला शिक्षकहरुलाई सम्बन्धित सरोकारवालाहरु (पुरुष शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु) ले हेर्ने दृष्टिकोणका बारेमा तथ्य उजागर गरेको छ । सामुदायिक विद्यालयका महिला शिक्षकहरुले भोग्नुपुरेका समस्याहरु उजागर गर्दै तिनीहरुको समाधानका लागि समेत अध्ययनले सुझावहरु सिफरिस गरेको हुँदा विद्यालयमा महिला शिक्षकहरुको अवस्था सुदृढ गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

सामुदायिक विद्यालयमा शिक्षण पेशामा आवद्ध महिला शिक्षकहरुको शैक्षिक अवस्था, तालिम, अनुभव, शिक्षण पेशामा देखा परेका समस्याहरुका साथै सारोकारवालाहरुको महिला शिक्षकप्रतिको धारणा पत्ता लगाउने उद्देश्यमा आधारित रहेर यो अनुसन्धान गरिएको छ । सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था र समस्याहरु तथा महिला शिक्षकहरुप्रतिको धारणा बारेमा जनचेतना वृद्धि गर्न, पर्याप्त सूचनाको कमीका कारण महिला शिक्षकको स्थिति ओझेलमा परिरहेको परिवेशमा सामुदायिक विद्यालयका महिला

शिक्षकको अवस्था र समस्या तथा महिला शिक्षकप्रति सरोकारवालाहरुको धारणा लिन यो अध्ययन गरिएको छ ।

यो अध्ययन नेपालका सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकहरुको एउटा प्रतिनिधिमूलक अध्ययन भएको र महिला शिक्षकहरुको अवस्था उजागर गरी तिनको सुधारका लागि आवश्यक सुझाव समेत अध्ययनले दिएको हुँदा शैक्षिक क्षेत्रमा यसको महत्व धेरै छ । विशेष गरि यो अध्ययनले सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरुको क्षमता, योग्यता, तालिमको अवस्था र उनीहरुप्रति स्थानीय सारोकारवालाहरुको धारणाबारे यथार्थ चित्रण गरेकोले नीति निर्माण तहका सरकारी निकाय (शिक्षा मन्त्रालय, शिक्षा विभाग) लाई भविष्यमा यस्ता शिक्षकहरुको सन्दर्भमा कस्तो नीति निर्माण गर्ने भन्ने सन्दर्भमा मार्गदर्शन गरेको छ । त्यसैगरी शैक्षिक नीति निर्माण र कार्यान्वयन गर्ने अन्य निकायहरु र योजनाकारहरुलाई पनि यसले आवश्यक सहयोग गर्ने छ । स्थानीय स्तरमा सम्बन्धित स्थानीय निकाय देखि, सहकर्मी शिक्षकहरु, प्रधानाध्यापक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु र अन्य स्थानीय सरोकारवालाहरुलाई समेत अध्ययनले महिला शिक्षकहरुको अवस्थाबारे बस्तुगत ज्ञान प्रदान गर्ने हुँदा यो अध्ययन धेरै महत्वपुर्ण छ । यस विषयमा थप अध्ययन र अनुसन्धान गर्न चाहने अध्ययनकर्ताहरुलाई समेत यसले पृष्ठपोषण प्रदान गरी कर्यमा सक्रियताका साथ लाग्न थप हौसला र उत्साह प्रदान गर्नेछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

**यस अध्ययनका उद्देश्यहरु निम्नलिखित छन्**

१. सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको शैक्षिक अवस्था पहिचान गर्ने ।

२. महिला शिक्षकप्रति सरोकारवालाहरुको शिक्षण पेशाप्रति धारण पत्ता लगाउने ।

३. महिला शिक्षकहरुले सामना गर्नुपरेका पेशागत समस्याहरु पहिचान गर्ने ।

४. महिला शिक्षकहरुका समस्या समाधानको उपायहरुको खोजी गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

समग्र अध्ययनलाई प्रतिनिधित्व गर्दै माथिका उद्देश्यहरु पूरा गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरिएको थियो ।

१. सामुदायिक विद्यालयका महिला शिक्षकको शैक्षिक अवस्था के कस्तो छ ?

२. सरोकारवालाहरुको महिला शिक्षकप्रतिको धारणा कस्तो छ ?

३. महिला शिक्षकहरुले शिक्षण विधिको प्रयोग कसरी गरिरहेका छन् ?

४. महिला शिक्षकको पेशागत समस्याहरु के के छन् ?

५. सामुदायिक विद्यालय महिला शिक्षकको स्थिति सुदृढ बनाउन कस्ता उपायहरु अवलम्बन गर्नुपर्छ ?

**१.६ अध्ययनको परिसीमाहरु**

यस अध्ययनले सिन्धुली लाम्पन्टार १६ सामुदायिक विद्यालयहरुमध्ये १० सामुदायिक विद्यालयमा मात्र आफ्नो अध्ययनलाई सीमित गरेको छ । अध्ययनले २०६९ सालको महिला शिक्षकहरुको शैक्षिक अवस्थालाई मात्र समेटेको छ भने पेशागत समस्यालाई मात्र यसमा समावेश गरिएको छ । अध्ययनमा सरोकारवालाहरु (प्रधानध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवसथापन समितिका प्रतिनिधि) बाट धारणा संकलन गरी विष्लेषण गरिएको छ । विशेषतः यो अध्ययन गुणात्मक भएकोले यसको निचोड स्वतः निर्णयात्मक भन्दा सूचनात्मक हुनेछ । तसर्थ, सीमित क्षेत्रमा गरिएको अध्ययन भएकोले यसबाट प्राप्त निचोडलाई पूर्ण रुपमा सामान्यीकरण गर्न नसकिए तापनि अध्ययनको निष्कर्षलाई एउटा मार्गदर्शनको रुपमा प्रयोग गर्न भने सकिन्छ ।

**१.७ शब्दावलीहरुको परिभाषा**

यस शोधपत्रमा मुख्य परिभाषिक शब्दावलीहरु यस प्रकार छन्

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय भन्ने बुझिन्छ ।

अभिभावक : अभिभावक भन्नाले सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका अभिभावलाई जनाउँदछ ।

विद्यालय व्यवस्थापन समिति : सामुदायिक विद्यालय सञ्चालन गर्नका निम्ति अभिभावकहरुद्वारा निर्माण गरिएको एक समिति ।

शैक्षिक अवस्था : शैक्षिक तालिम भन्नाले महिला शिक्षकहरुको शैक्षिक स्थिति, योग्यता, अनुभव, तालिम तथा कार्यभार र तिनको पेशासम्बन्धि समस्यालाई बुझिनेछ ।

सोरोकारवाला : सरोकारवाला भन्नाले प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु बुझिन्छ ।

प्राथमिक तह : प्राथमिक तह भन्नाले कक्षा १-५ सम्म, निम्न माध्यमिक तह भन्नाले कक्षा ६-१०सम्म र माध्यमिक भन्नाले कक्षा ९ देखि १० सम्मलाई बुझिन्छ ।

तालिम प्राप्त : तालिम प्राप्त भन्नाले मान्यता प्राप्त शैक्षिक संस्थाबाट शिक्षा विषय लिई कम्तिमा एस.एल.सी वा सो भन्दा माथिल्लो तह पास गरेको व्यक्ति अथवा शैक्षिक जनशक्ति विकास केन्द्रबाट १० महिने वा सो सरहको तालिम लिएको व्यक्ति भन्ने बुझिन्छ ।

तालिम अप्राप्त : तालिम अप्राप्त भन्नाले माथिका कुनै पनि योग्यता र तालिम हासिल नगरेको व्यक्ति भन्ने बुझिन्छ ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुरावलोकन र सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

आफ्नो अनुसन्धानको आधारशिला निर्माण गर्न तथा अनुसन्धान गर्न लागिएको विषयमा यसअघि के कस्ता अध्ययन भइ कस्तो ज्ञानको उत्पादन भएको छ भन्ने कुरा पहिल्याउन सान्दर्भिक पूर्व साहित्यको समीक्षा गरिएको छ । साहित्य समीक्षाले अनुसन्धानको विषयमा पहिले भएका अध्ययनका निष्कर्षलाई सारांसमा प्रस्तुत गरेको छ । प्रस्तुत अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरुको प्रचुरता नरहेता पनि यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित केही लेख, रचना, पत्र- पत्रिका, पुस्तक एवं केही पूर्व अनुसन्धानसँग सम्बन्धित तथ्यहरुको बारेमा अध्ययनको उद्देश्यको आधारमा समीक्षा गरिएको छ ।

मानव सभ्यताको निरन्तरता र सम्वृद्धिका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । बालकलाई विभिन्न प्रकारका अनुभव दिने र परिपक्क बनाउँदै परिवार, समुदाय र राष्ट्रका लागि उपयुक्त जनशक्तिका रुपमा प्रस्तुत गराउने काम शिक्षाको हो यसरी व्यक्ति समाज र राष्ट्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने महत्वपूर्ण जिम्मेवारी शिक्षाले लिएको हुँदा कुनै पनि देशमा  शिक्षाको विशेष महत्व हुन्छ ।

विष्ट (२००६) का अनुसार सन् १९५६ मा नेपाल राष्ट्रिय शिक्षा योजनाले शिक्षण पेशामा महिला शिक्षक भर्ना गर्नुपर्ने आवश्यकता पहिचान गरेको थियो । उक्त आयोगको प्रतिवेदन अनुसार प्राथमिक विद्यालय उमेरका  बालबालिकाहरुसँग घुलमेल गर्ने, हेरचार गर्न र उनीहरुका भावनालाई बुझ्ने तथा ग्रहण गर्ने कार्यक्षमता पुरुष शिक्षकमा भन्दा महिला शिक्षकमा बढी पाइएको  थियो ।

सन् १९७० मा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षा क्षेत्रमा महिला शिक्षकहरु पर्याप्त हुनपर्दछ भन्ने हेतुले महिला शिक्षक सहभागिता सम्बन्धि केही नीतिहरु निर्माण गरेको देखिन्छ । यस्ता नीतिमा विद्यालय तहमा महिला शिक्षक संख्या बढाउने बुँदाहरु उल्लेख गरिएका थिए ती योजना तथा नीतिहरुले विद्यालय तहमा छात्राहरुको सहभागिता शसक्त रुपमा वृद्धि गर्ने रणनीति  निर्माणका लागि महिला शिक्षकहरु लामो समयसम्म र स्थायी रुपमा नै नियुक्त गर्नुपर्ने प्रावधान थियो ।

विद्यालयहरुमा महिला शिक्षकको अनुपात बढाउन सेरिडले सन् १९९६ मा गरेको एक अध्ययन अनुसार दोषपूर्ण र कमजोर कार्यान्वयनका कारणले गर्दा महिला शिक्षक भर्ना

गर्ने नीति प्रभावकारी हुन सकेको छैन । त्यसैले शिक्षणलाई पेशा बनाउने नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको जुन सपना थियो त्यो पूरा हुन सकेको देखिदैन (सेरिड,१९९६) ।

यी विभिन्न अनुसन्धानहरुबाट नीतिगत लक्ष्य र वास्तविक कार्यक्रमका बीचमा धेरै ठूलो अन्तर रहेको देखिन्छ । सुक्ष्म कार्यक्रमले व्यापक रुपमा निर्माण गरिएको नीतिगत लक्ष्यलाई समेट्न सकेको छैन । शिक्षा सम्बन्धि लक्ष्योन्मुख कार्यक्रम आर्थिक विभाजन र शैक्षिक नीतिबीचमा पनि ठूलो अन्तर रहेको छ । कुनै पनि नीतिगत लक्ष्य पूरा गर्न पर्याप्त आर्थिक विभाजनको आवश्यकता पर्दछ । तर यसको अभावमा कार्यक्रमहरु सफल हुन सकेका छैनन् । विद्यालयमा छात्राहरुको भर्ना वृद्धि गर्न महिला शिक्षकको विभेद, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक र आर्थिक रुपमा जरैदेखि गाडिएर रहेको अवस्थामा छ । राजनीतिक, सामाजिक, कानुनी, संस्थागत, आर्थिक र सांकृतिक जस्ता विभिन्न रुपबाट शिक्षामा लैङ्गिक समानता प्रत्यक्ष -अप्रत्यक्ष रुपमा निषेध र बहिष्कार गरिएको अवस्था छ ।

उप्रेती (२००६) का अनुसार महिला आर्थिक, सामाजिक र सांस्कृतिक कारणले. अशिक्षाको भुमरीमा परेका छन् । त्यसैले उनीहरु विकासको मुख्य भूमिकामा आउन सक्ने सम्भावना निक्कै कम छ । नेपालमा कमसेकम गलत संस्कृति र पितृसत्तात्मक अवस्थाको विरुद्ध बोल्न पाइन्छ र कतिपय ठाउँमा पुरुषहरुले नै महिलाको आर्थिक र सामाजिक विकासका लागि महिलाहरुको स्वस्थ्यमा सकारात्मक परिवर्तनका लागि काम गरिरहेका छन् ।

सिन्हा (२००६) का अनुसार लैङ्गिक समविकास शिक्षामा लैङ्गिक समानताका सवालमा वर्तमान शैक्षिक परिवेशको विश्लेषण गर्दा शिक्षाको क्षेत्रमा साक्षरता दर, भर्ना प्रतिशत, पढाई निरन्तरता, रोजगारी अवसर तथा स्तरको दृष्टिकोणबाट समेत महिला र पुरुष तथा छात्रा र छात्रबीचको विभेद र दूरी स्पष्ट रुपमा देखिन्छ । त्यस्तै व्यवस्थापन तहमा पनि महिला सहभागिता अति न्यून रहेको छ । यसैले नेपाली समाजमा महिलाले अझै पुरुष सरह समान अवसरहरु उपयोग गर्न पाएका छैनन् ।

आचार्य (१९८१) का अनुसार गृहस्थि निर्वाहका लागि अपरिहार्य गतिविधिहरुले महिलाका श्रमलाई निचोरेर लिन्छ, तापनि तिनमा संलग्न महिलालाई आर्थिक रुपले निष्कृय भनेर परिभाषित गरिन्छ । घरेलु काम गर्ने अथवा आश्रित भनेर वर्गीकरण गरिन्छ । त्यसैकारण सन् १९१२ को जनगणनामा कुल महिलाको २६ प्रतिशत आर्थिक रुपले निष्कृय छ । उनका अनुसार नेपाली महिलाहरु घरायसी कामदेखि लिएर बाहिरी क्षेत्रमा समेत पुरुष

सरह सक्रिय कार्यरत् छन् तर उनीहरुलाई हेर्ने सामाजिक दृष्टिकोण सफा देखिदैन । समाजमा अझै लैंगिक विभद रहेको प्रष्ट देखिन्छ ।

एउटा महिला शिक्षक विद्यालयमा हुँदा शैक्षिक प्रशासन, अभिभावक, समाजका सदस्यहरु र विद्यार्थीहरु धेरै लाभान्वित हुन सक्दछन् । सेरिड (CERID) को अध्ययन (१९९६)ले कम्तिमा पनि विद्यालयमा एकजना मात्र महिला शिक्षकको उपस्थितिले पनि अभिभावक र छात्राहरुलाई सुरक्षाको अनुभूति प्रदान गर्दछ । विद्यालयमा सुविधा र सुरक्षा अति आवश्यक तत्व भएको तर्क छ । साधारणतया वातावरणीय असुरक्षा र यौन दुर्व्यवहार तथा पुरुष शिक्षकहरुबाट नराम्रा व्यवहार भएका उदाहरणहरु पनि प्रशस्तै पाइनछन् । त्यसैले अभिभावकहरुले पुरुष शिक्षकहरु भन्दा महिला शिक्षक बढी भएको विद्यालयमा धेरै आरामदायी र सुरक्षा महशुस गरेको पाइन्छ (विष्ट, उही) । ती महिला शिक्षकहरुले छात्रा भर्ना गर्नको लागि नमूनाको भूमिका खेलेको पनि उदाहरणहरु पाइन्छ । त्यसैले महिला शिक्षकहरुले बालबालिकाहरुलाई व्यवहारिक रुपमा हेरविचार गर्ने, माया ममता गर्ने र उनीहरुका आवश्यकतालाई बुझेर व्यवहारिक ज्ञान दिने र पारिवारिक वातावरण प्रदान गर्ने भएकाले अभिभावकहरुको महिला शिक्षकहरुप्रति बढी झुकाव हुने गरेको देखिन्छ ।

महिला शिक्षकहरुलाई पेशागत विकास गर्नका लागि शिक्षक तालिममा भाग लिन पाउने आवसर प्राप्त भएको तथ्य सेरिड (२०००) द्वारा गरिएको अध्ययनले प्रकाश पारेको छ । सामान्यतया आवसीय शिक्षक तालिम (पीटीटीसी) र सेडुमा आधारित कोर्सहरुमा महिला शिक्षकहरुको सहभागिता एकदम न्यून भएको तथ्य छ । अध्ययनले यो देखाएको छ कि शिक्षक तालिम केन्द्रहरुमा महिला शिक्षकहरुलाई आवासीय सुविधा, भान्साघरको सुविधा बालबच्चा हेरचार सुविधा, ट्वाइलेट, बाथरुम, सुरक्षित वातावरण र उपयुक्त व्यवस्थापन जस्ता विभिन्न सुविधाहरु प्रदान गरिएको छैन । महिला शिक्षकहरुको आवसीय कार्यक्रममा सहभागिता न्यून भएको पाइन्छ । यसबाट घरपरिवारको उत्तरदायित्व बहन गर्नुपर्ने र आशा गरे अनुरुप तालिम केन्द्रहरुमा महिला शिक्षकहरुका लागि सुरक्षित र उपयुक्त वातावरणको कमिका कारण पुरुष शिक्षकहरुले हेलाको दृष्टिले हेर्ने वातावरण जस्ता विभिन्न कारणहरुले गर्दा महिलाहरुलाई शिक्षक तालिममा सहभागीतामा समस्याहरु देख्न सकिन्छ ।

यी अध्ययनहरुको समिक्षाबाट एकातिर नीतिगत लक्ष्य र अर्कातिर वास्तविक कार्यक्रम र त्यसको कार्यान्वयन बीच धेरै अन्तर रहने गरेको देखिन्छ । सुक्ष्म कार्यक्रम र त्यसको कमजोर कार्यान्वयनले व्यापक रुपले तय गरिएको नीतिगत लक्ष्यलाई सम्बोधन गर्न

नसकेको देखिन्छ । अझ महत्वपूर्ण पक्षमा भने शैक्षिक नीति, शैक्षिक कार्यक्रम र विनियोजित आर्थिक स्रोतबीच तादम्यता एकदमै न्यून छ । फलस्वरुप राम्रा नीति र कार्यक्रमहरुको कार्यान्वयन पनि अपेक्षाकृत राम्रो हुन सकेको छैन । यसैको एउटा ज्वलन्त उदाहरण विद्यालयमा छात्रा भर्नादर बृद्धि गर्न महिला शिक्षक नियुक्ति गर्ने सरकारी कार्यक्रमको कार्यान्वयन पक्षलाई लिन सकिन्छ । नीतिगत कुरा मात्र होइन, नेपालमा सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, आर्थिक र लैंगित विभेद अझैपनि व्याप्त छ । र यसैको कारण धेरै नीतिगत पक्षहरु कार्यान्वयनको क्रममा आइपुग्दा कमसल र कमजोर बन्दै जान्छन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

विद्यालय एक समाजिक संस्था हो । यसबाट समाजका सम्पूर्ण वर्गहरु प्रभावित हुन्छन् । त्यसैले शिक्षाको विकासको लागि शिक्षक, प्रधानाध्यापक, अभिभावक, व्यवस्थापन समिति र विद्यार्थी स्वयम् पनि यसमा संलग्न भईरहेका हुन्छन् । वास्तवमा शैक्षिक विकासका लागि शिक्षाका सम्पूर्ण स्थानीय सारोकारवालाहरुबीच आपसी समन्वय र सहयोग हुन अति आवश्यक हुन्छ । शैक्षिक विकासका लागि विद्यालयको विकास र विद्यालयको विकासका लागि समुदायको विकास हुन अनिवार्य छ । यसका लागि शैक्षिक समता र समानताको महत्व अत्यन्तै धेरै हुन्छ । विद्यालय नै यस कार्यको प्रमुख र एकमात्र सशक्त माध्यम भएकोले शैक्षिक विकासका लागि विद्यालयमा शिक्षकहरुबीच आपसी समानता, समन्वय र सहयोग हुन जरुरी पर्दछ ।

यसै सन्दर्भमा सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्थाको अध्ययन गर्न कान्ट (१९७२) ले प्रतिपादन गरेका सिद्धान्तका आधारमा विष्लेषण गरिएको छ । कान्टले समता (Equity) र समानता (Equality) मा जोड दिँदै समाजमा महिला र पुरुषबीच हुने भेदभावलाई प्रस्ट्याएका छन् । उनका अनुसार न्यायको दुईवटा सिद्धान्तहरु हुन्छन् । कुनै पनि कार्यक्षेत्रमा किन नहोस् त्यहाँ पुरुष सरह महिलाले समान अभिकार र समानता तथा समताको अधिकार पाउन सकिरहेका छैनन् । त्यो सिद्धान्तको सरोकारको विषय हो (आचार्य, १९८१ ) ।

कान्ट (१९७२) का अनुसार सबैलाई बराबर किसिमबाट सामाजिक र आर्थिक स्रोत तथा साधनहरु बाँडिनु पर्छ । कुनै पनि आधारमा कसैमाथि विभेद गरिनु हुदैन । स्वतन्त्रताको अधिकार, समानताको अधिकार आदि यस अन्तर्गत पर्दछन् । दोस्रो (समानता) सिद्धान्तले सामाजिक, आर्थिक असमानतालाई पुनः व्यवस्थित गर्ने अपेक्षा राख्दछ । यसमा सामाजिक, आर्थिक असमानताको स्रोत, कारण र परिणाम पत्ता लगाई सोही अनुरुप राज्यले व्यवहार गर्नुपर्छ भन्ने कुरा पर्दछ । यसको मतलव समतामूलक समाज निर्माणका लागि समानता मात्र नभइ निष्पक्षताको पनि जरुरी पर्दछ (उही) ।

यसरी कान्ट (१९७२) को व्याख्यामा सामाजिक न्यायको लागि समानताले मात्र पुग्दैन । वास्तवमा समानताले समाजका सबै महिला र पुरुषले न्याय पाउँदैनन् । समाजमा जो पिछडिएका, शोषित महिला छन् उनीहरुलाई सामाजिक न्याय दिलाउन समानतामा आधारित उपायहरुको आवश्यकता पर्दछ ।

समता र समानताका कार्यहरु लागू गर्दै समाजका महिला र पुरुषबीच विभेदीकरण अन्त्य गर्ने प्रयास भइरहेको छ । लैङ्गिक विभेदीकरण व्यापक छ जसको फलस्वरुप महिलाहरु अवसर र स्रोतमाथिको पहुँच र नियन्त्रणबाट वञ्चित छन् । तसर्थ, महिलाको मानव अधिकार सुनिश्चित गरी उनीहरुप्रति सामाजिक न्यायको प्रत्याभूति दिलाउन राष्ट्रले अठोट गरेको छ । लैङ्गिक असमानतामूलक सामाजिक संरचनाबाट आएको पितृसत्तात्मक सोचबाट सञ्चालित सामजमा अधिकार सम्पन्न र निर्णायक भूमिकामा महिला हुँदाहुँदै पनि समुदायमा महिलालाई पुरुषभन्दा तल्लै दर्जाको मानिने गरेको छ, (उही) ।

**२.३ शैक्षिक उपादेयता**

नेपाली सामाज पितृसत्तात्मक भएकोले समाजका हरेक पक्षहरुमा पुरुषहरु नै अग्रप्रक्तिमा रहने र उनीहरुको नै हालिमुहाली रहने गरेको पाइन्छ । सामाजिक समावेशीकरणमा महिलाहरु पछाडि परेको भएबाट नै नेपाली महिलाहरु विभिन्न खाले सामाजिक अवसरहरुबाट वञ्चित रहिरहनुपरेको अवस्था छ । यसबाट आर्थिक, सामाजिक, राजनीतिक, प्रसाशनिक सबै क्षेत्रमा आवसरहरुको उपभोग गर्न महिलाहरुले पूर्ण रुपमा पाइरहेका छैनन् । अर्कातिर महिलाहरुलाई हेरिने र बुझिने सामाजिक दृष्टिकोण समेत समतामूलक र सकारात्मक प्रायः छैन । त्यसैले सामुदायिक विद्यालयहरुमा महिला शिक्षकहरुको अवस्था शीर्षकको यस अध्ययनले विद्यालयमा महिला शिक्षकहरुको वर्तमान अवस्थालाई उजागर गर्दै शिक्षाका स्थानीय सरोकारवालाहरुको महिला शिक्षकहरुप्रतिको

धारणासमेत प्रकाशमा ल्याउने हुँदा यो अध्ययन महत्वपूर्ण छ । अध्ययनबाट सामुदायिक विद्यालयहरुमा कार्यरत् महिला शिक्षकहरुको शैक्षिक, पेशागत तथा क्षमता र दक्षतासँग सम्बन्धित अवस्थाको उजागर भएको छ । त्यसैले महिला शिक्षकहरुको अवस्था बुझ्न मद्दत गर्दछ । यस अध्ययनले यस्ता शिक्षकहरुको पेशागत समस्या पत्ता लगाई सोको समाधानका लागि केही उपायहरु सुझावको रुपमा प्रस्तुत गरेकोले भविष्यमा यस्ता समस्याहरु समाधान गर्न यसबाट सहयोग पुग्ने देखिन्छ । अध्ययनले विद्यालयमा महिला शिक्षकहरुको संख्या वृद्धि गरी पेशागत दक्षतासहितका महिला शिक्षकहरुबाट पठनपाठन गराउने सरकारी नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनको तहमा रहेर काम गरिरहेका व्यक्तिहरुलाई समेत केही मार्ग प्रशस्त गरेको छ । त्यसैले यस अध्ययनको निचोट विद्यायलयहरुमा महिला शिक्षकहरुको अवस्था सुधार गर्दै कामको सिलसिलामा देखा पर्ने पेशागत समस्याहरु पहिचान गरी समाधान गर्नलाई सहयोगी सिद्ध हुन्छ ।

महिला शिक्षकहरुप्रति सहकर्मी पुरुष शिक्षक, विद्यालयका प्रध्यानाध्यापक, अभिभावकहरु, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरु लगायतका स्थानीय सरोकारवालहरुको धारणा र व्यवहारलाई अध्ययनले उजागर गरेको हुँदा यसबाट महिला शिक्षकहरुलाई शैक्षणिक कार्यप्रति पृष्ठपोषण प्रदान हुन्छ । फलस्वरुप, यसले शिक्षण कार्यप्रति थप उत्प्रेरणा प्रदान गर्दछ । अध्ययनले महिला शिक्षकहरुप्रति सम्बन्धित सरोकारवालाहरुको धारणालाई एकिकृत रुपमा बाहिर ल्याएको हुँदा नवप्रवेशी तथा सेवामा प्रवेशोन्मुख महिला शिक्षकहरुका लागि समेत उल्लेख्य उत्प्रेरणा र मार्गदर्शन मिल्ने छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

यो परिच्छेदमा अनुसन्धानात्मक प्रयुक्त अध्ययन विधि उल्लेख गरिएको छ । Best and kahn (२००९) का अनुसार अध्ययन विधि, विभिन्न सोच र प्रविधिहरुको रणनीतिक योजना हो । यसले अध्ययनको ढाँचा र मापनका धिधि तथा प्रत्रियाहरु सबैलाई जनाउँछ । अध्ययनको सफलता अध्ययन विधिको छनोट र प्रयोगमा भर पर्ने हुँदा कुनै पनि अनुसन्धान कार्यमा अध्ययन विधि छनोटको विषेश महत्व हुन्छ । त्यसैले यस परिच्छेदमा मुख्यतयः अध्ययनको ढाँचा, अध्ययनको जनसंख्या र नमुना छनोट, तथ्याङ्क संकलन विधि, तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरुको जानकारी र तथ्याङ्क संकलन गरिएको छ ।

### ३.१ अनुसन्धनात्मक ढाँचा

यो अध्ययन गुणात्मक प्रकृतिको रहेकोले गर्दा अध्ययनको लागि गुणात्मक विधिको मात्र प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनलाई प्रभावकारी बनाउनेको लागि शोधकर्ताले छनोटमा परेका विद्यालय र शिक्षकहरुमा पुगी संकलन गरिएको सूचनालाई विश्लेषणसहित व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ ।

### ३.२ अध्यायनको जनसंख्या र नमुना छनोट

सिन्धुली जिल्लाको लाम्पनटार गा.वि.स.का क्षेत्रका सामुदायिक विद्यालयहरुमा कार्यरत् शिक्षकहरु, विद्यार्थीहरु, सम्बन्धित सरोकारवालाहरु अभिभावहरु, र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु यस अध्ययनका लागि जनसंख्या मानिएका छन् । अध्ययनका लागि आवश्यक संख्या नमुनाको रुपमा छनोट गरी अध्ययनमा सहभागी गराएको छ । जसअनुसार लाम्पन्टार गा.वि.स. १६ सामुदायिक विद्यालयहरुमध्ये १० विद्यालयहरु (प्रा.वि. ६, नि.मा.वि.१ र मा.वि. ३) छनोट गरिएको छ । छनोटमा परेका प्रत्येक विद्यालयहरुबाट उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी १० जना २५ प्रतिशत लाम्पनटारका साबै सामुदायिक विद्यालयहरुमा जम्मा ४० जना महिला शिक्षक भएका हुँदा महिला शिक्षकहरु छनोट गरी अध्ययनमा संलग्न गरिएको छ । त्यसैगरी प्रत्येक विद्यालयहरुबाट १/१ जनाको दरले १० जना प्रधान अध्यापकहर, १० जना पुरुष शिक्षकहरु र प्रत्येक विद्यालयबाट ५/५ जनाका दरले ५० जना विद्यार्थीहरु अध्ययनमा संलग्न रहेका छन् । नमुना छनोटमा परेका विद्यालयहरुको व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधि प्रत्येक १/१ जना र अभिभावकहरुबाट १० जनालाई अध्ययनमा समावेश गरिएको छ ।

यसरी समग्रमा यस अध्ययनमा १०० जना सरोकारवालहरु नमूनाको रुपमा छनोट गरिएको थियो ।

### ३.३ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका लागि तथ्याङ्क संकलनार्थ प्राथमिक र द्वितीय  दुवै स्रोतहरुको प्रयोग गरिएको थियो ।

#### ३.३.१ प्राथमिक स्रोत

प्राथिमिक स्रोत अन्तर्गत नमुना छनोटमा परेका १० विद्यालयका १० जना महिला शिक्षकहरु, प्रत्येक विद्यालयहरुबाट १/१ जनाको दरले १०  जना प्रधान अध्यापकहरु १० जना पुरुष शिक्षकहरु, व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधि प्रत्येक १/१ जनाको दरले १० जना, अभिभावहरुबाट १० जना र प्रत्येक विद्यालयबाट ५/५ जनाका दरले ५० जना विद्यार्थीहरु गरी १०० परेका थिए ।

#### ३.३.२ द्वितीय स्रोत

तथ्याङ्कको द्वितीय श्रोतको रुपमा अध्ययनसँग सम्बन्धित अभिलेलाई मुख्य आधार लिइएको थियो । अध्ययनको शीर्षकलाई सहयोग पु¥याउने पुर्व अध्ययनहरु, पुस्तकहरु, शोपत्र, लेख रचना, सम्बन्धित विद्यालयका रेकर्डहरु, शैक्षिक स्मारिकाहरु, योजनाका दस्तावेजहरु, फ्ल्यास १ र २ तथा शिक्षा विभागद्वारा प्रकाशित विद्यालयसँग सम्बन्धित तथ्याङ्क तथा अन्य सरकारी र गैर सरकारी संघ संस्थाहरुले प्रकाशन गरेका तथ्याङ्कहरु आदि द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको थियो ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरु

प्राथमिक तथ्याङ्क संकलन गर्न नमुना छनोटमा परेका विद्यालयको स्थलगत भ्रमण गरी नमुना छनोटमा परेका जनसंख्यासँग विभिन्न साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो । त्यस्तै द्वितीय तथ्याङ्क संकलन गर्न अध्ययनसँग सम्बन्धित अभिलेखलाई गहन अध्ययन गरिएको थियो ।  त्यस्तै द्वितीय तथ्याङ्क संकलन गर्न अध्ययनसँग सम्बन्धित अभिलेखलाई गहन अध्ययन गरिएको थियो । तथ्याङ्क संकलनका मुख्य साधनहरु निम्नानुसार थिए ।

### ३.४.१ विद्यालय सर्वेक्षण फाराम

गुणात्मक अनुसन्धानको महत्वपूर्ण साधन अन्तवर्ता नमुना छनेटमा परेका व्यक्तिहरुका विचार वा भावनालाई प्रष्ट रुपमा बाहिर ल्याउन तथा निश्चित तथ्याङ्क र तथ्यलाई समेत अगाडि ल्याउँन प्रस्तुत अध्ययनको उद्देश्य पूर्तिको लागि अर्ध-संरचित अन्तर्वार्तालाई आधार बानाइएको थियो । जस अनुसार विद्यालयका प्र.अ., वि.व्य.स. पदाधिकारी, शिक्षक/शिक्षिका, विद्यार्थीहरु अभिभावकका लागि केहि निर्देशित पश्नहरु तयार गरी प्रयोग गरिएको थियो । यसरी प्रयोग गरिएको अर्ध-संरचित अन्तर्वार्ता प्रश्नावली अनुसूची २ मा संलग्न छ ।

### ३.४.२ दस्तावेज पुनरावलोकन

अध्ययनसँग सम्बन्धित आवश्यक तथ्याङ्क तथा जाकारी प्राप्त गर्ने उद्देश्यले सम्बन्धित विद्यालयका रेकर्डहरु, शैक्षिक स्मारिकाहरु, योजनाका दस्तावेजहरु, फ्ल्यास १ र २ तथा शिक्षा विभागद्वारा प्रकाशित विद्यालयसँग सम्बन्धित तथ्याङ्क तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको प्रकाशन गरेका शैक्षिक तथ्याङ्कहरुको पुनरावलोकन गर्नका साथै केही पूर्व अध्ययनहरुको समिक्षा गरिएको थियो ।

### ३.४.३ डायरी टिपोट

गुणात्मक अनुसन्धानात्मक स्थलगत सर्वेक्षणका क्रममा प्राप्त सूचनाहरुलाई प्राकृतिक रुपमा जस्ताका तस्तै टिपोट गर्नुपर्ने भएकोले विद्यालय अवलोकन सर्वेक्षण तथा अनुसन्धानको क्रममा प्राप्त केही सूचना र तथ्याङ्कलाई डायरीमा टिपोट गरिएको थियो ।

### ३.५ साधनको वैधता र विश्वसनीयता

तथ्याङ्क संकलन पछि प्राप्त तथ्याङ्कको परिक्षण गर्न अति जरुरी हुन्छ । यो अध्यायमा बैधता र विश्वासनियता कायम गर्न सरोकारवाला समूहसँग भएका छलफल, अन्तर्वार्ता, अवलोकन, विद्यालय सर्वेक्षण र दस्तावेज अध्ययनबाट प्राप्त सूचनालाई एक आपसमा रुजु गरी तिनीहरुको शुद्धता र विश्वसनियता खोज्ने प्रयास गरियो । एक पक्षमा प्राप्त भएको सूचनालाई अर्कोपक्षबाट प्राप्त सुचनाले पुष्टि गर्छ-गर्दैन भनेर हेरियो । अन्तर्वार्ताबाट प्राप्त सूचनाको सत्यता पत्ता लगाउन छलफल गरियो । छलफलबाट प्राप्त सूचनालाई विद्यालयको रेकर्डबाट प्राप्त सूचनासँग मेल खान्छ खाँदैन भन्ने कुराको समेत खोजी गरियो । त्यसैले सूचना र तथ्याङ्कहरु बैध र विश्वसनीय हुन पगेका छन् ।

### ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि सर्वप्रथम जि.शि.का. सिन्धुलीको अभिलेख अनुसार उद्देश्य अनुरुपपका विद्यालय छनोट गर्ने कार्य भयो । विद्यालयको छनोट पश्चात् उक्त विद्यालय प्र.अ. र शिक्षकहरुलाई सामूहिक रुपमा अध्ययनको उद्देश्यवारे स्पष्ट पारी प्र.अ. बाट आवश्यक अनुमति लिएर अन्तरक्रिया गरी तथ्याङ्क संकलन गरियो । यसैगरी वि.व्य.स. पदाधिकारी, अभिभावक, शिक्षकहरुसँग प्रधानाध्यापकको आवश्यक सहयोग लिएर तथ्याङ्क संकलनका लागि प्रयुक्त विधि र प्रक्रिया अपनाइएको थियो ।

# परिच्छेद : चार

## नतिजाको विश्लेषण

तथ्याङ्क तथा प्रतिक्रियाहरुले मात्र विषयवसतुलाई निष्कर्षमा पुऱ्याउन सक्दैन । त्यसैले प्राप्त तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई सत्य तथ्यको आधारमा व्याख्या विश्लेषण गर्दै निष्कर्ष तर्फ उन्मुख हुनु जरुरी हुन्छ । यस शोधकार्यका लागि आवश्यक पर्ने तथ्यांकहरु संकलन गर्न छनोटमा परेका विद्यालयहरुबाट प्राथमिक तथ्याङ्कहरु संकलन गरी गुणात्मक तथा परिमाणात्मक सूचनाहरुलाई विषय प्रकृति र क्षेत्र अनुसार वर्गीकरण गरी प्रत्येक वर्गका तथ्यांकहरुको व्याख्यात्मक तथा संख्यात्मक विधिद्वारा विश्लेषण  गरिएको छ । यस परिच्छेदमा अध्ययनको उद्देश्यलको आधारमा चार भाग र व्याख्या विश्लेषणको क्रममा अन्य उप-भागमा समेत भिभाजन गरिएको छ ।

### ४.१ महिला शिक्षकहरुको शैक्षिक अवस्था

सिन्धुली जिल्लाको लाम्पन्टार गा.वि.स.स्थित सामुदायिक विद्यालयहरुमध्ये नमुना छनोटमा परेका १० वटा विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरुको समग्र शैक्षिक अवस्था पहिचान गर्न अन्तरवार्ता प्रश्नावली निर्माण गरी तथ्याङ्क संकलन गरिएको थियो । संकलित तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरुमा तलका अनुसार व्याख्या गरिएको छ ।

### ४.१.१ महिला शिक्षकहरुको शैक्षिक योग्यता

अध्ययननका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने सिलसिलामा महिला शिक्षकहरुको शैक्षिक योग्यता सम्बन्धि विवरण पनि संकलन गरिएको थियो । संकलित विवरण अनुसार नमुना छनोट परेका १० जना महिला शिक्षकहरुमध्ये ९ जना प्रा.वि. १ जना नि.मा.वि. तकमा कार्यरत थिए । प्राथमिक तहमा कार्यरत ९ जनामा ६ जना शिक्षकहरुको शैक्षिक योग्यता प्रमाणपत्र तह वा सो सरह भएको पाइएको छ भने बाँकी ३ जनाको स्नातक तह पाइएको छ । यसै गरी निम्न माध्यमिक तहमा अध्यापनरत १ जनजाको शैक्षिक योग्यता स्नातक तह पाइएको छ । प्रस्तुत तथ्याङ्क अनुसार उपरोक्त तहको अध्यापनका लागि आवश्यक न्यूनतम योग्यता नपुगेका शिक्षकहरु कोही पनि पाइएनन् भने न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएका शिक्षकहरुको संख्या ४ जना (४० प्रतिशत) रहेको छ । विद्यालयीय शिक्षाको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिका शैक्षिक योग्यता भएका शिक्षकहरु विद्यालयमा रहनु भनेको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण अवसर पनि हो । यो तथ्याङ्कले अध्ययन क्षेत्रका सामुदायिक

विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरुको शैक्षिक योग्यता आवश्यक न्यूनतम् शैक्षिक योग्यताभन्दा भैरै माथि रहेको देखाउँछ जुन जुन शैक्षिक गुणस्तर अभिवृद्धिको दृष्टिकोणमा महत्वपूर्ण छ ।

### ४.१.२ महिला शिक्षकहरुको तालिमको अवस्था

शिक्षण सिकाइमा तालिमको ठूलो महत्व छ । तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइ तालिम अप्राप्तको तुलनामा धेरै राम्रो हुने हुँदा आवश्यक शैक्षिक तालिमबाट शिक्षाको गुणस्तर अभिवृद्धि हुने अपेक्षा गरिएको हुन्छ । नेपालको सन्दर्भमा प्रवेशिका उत्तीर्ण गरी दश महिने शिक्षक तालिम लिएका वा शिक्षा शास्त्र संकायबाट प्रमाणपत्र तथा स्नातक/स्नातकोत्तर उत्तीर्ण गरेकालाई तालिम प्राप्त मान्ने गरेको पाइन्छ ।

नमुना छनोटमा परेका शिक्षकहरुको तालिमको अवस्थालाई विद्यालयमा रहेको रेकर्ड तथा उनीहरुसँग लिएको अन्तरवार्ताको आधारमा अध्ययन गर्दा नमुना छनोटमा परेका जम्मा १० शिक्षकहरुमा सबै (१०० प्रतिशत) शिक्षकहरु तालिम प्राप्त रहेको पाइयो । यसरी हेर्दा समग्रमा महिला शिक्षकहरुको तालिमको अवस्था सन्तोषजनक नै देखिन्छ । यहाँ तालिम प्राप्त भन्नाले प्रचलित व्यवस्था अनुसार शिक्षा शास्त्र संकायबाट उपरोक्त तहको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेको तथा शैक्षिक जनशक्ति विकास केन्द्र लगायत अन्य संस्थाहरुबाट शिक्षण सम्बन्धी तालिम लिएका शिक्षकहरुलाई मात्र लिइएको छ । प्राथमिक तहको हकमा भने एस. एल.सी. परीक्षा उत्तीर्ण गरी १० महिने शिक्षण सिकाईको तालिम लिएका शिक्षकहरुलाई तालिम प्राप्तलाई लिइएको छ । यसरी समग्रमा महिला शिक्षकहरुको तालिमको अवस्था सन्तोषजनक नै पाइएको छ ।

### ४.१.३ महिला शिक्षकहरुको शैक्षिक योग्यताको विशिष्टिकरण

अध्ययनका लागि नमुना छनोटमा परेका महिलाहरुको शैक्षिक योग्यताको विशिष्टिकरणलाई अध्ययनका क्रममा उनीहरुले दिएको प्रतिक्रियाको आधारमा ६ समूहमा विभाजन गरी यहाँ प्रस्तुत गरिएको छ । जसमा सामाजिक शिक्षा अन्तरगत अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, इतिहास र भूगोल जस्ता विषयहरु समावेश गरिएको छ भने अन्य भन्नाले स्वास्थ्य, जनसंख्या, शारिरीक शिक्षा, वातावरण शिक्षा आदिलाई बुझ्नु पर्छ ।

अध्ययनका क्रममा महिला शिक्षकहरुसँग लिइएको प्रश्नावली र अन्तरवार्ताबाट प्राप्त तथ्याङ्क अनुसार नेपाली विषयमा विशिष्टिकरण गर्ने शिक्षकहरुको संख्या अधिक

(३७ प्रतिशत) छ । यसै गरी सामाजिक शिक्षामा ३ जना र अंग्रेजीमा २ जना विशिष्टिकृत छन् । विज्ञान र अन्य विषयमा पनि प्रत्येक १/१ जना शिक्षकहरुको विशिष्टिकरण पाइन्छ । गणित विषयमा भने यस अध्ययनमा संलग्न कुनै पनि शिक्षकहरु विशिष्टिकृत भएको पाइएन ।

यसैगरी तहगत रुपमा प्राथमिक तहमा सबैभन्दा धेरै (४३ प्रतिशत) शिक्षकहरु नेपाली विषयमा विशिष्टिकृत भएको पाइयो भने दोस्रो श्रेणीमा अंग्रेजी, विज्ञान, सामाजिक, शिक्षा र अन्य विषयमा विशिष्टिकरण हासिल गरेको पाइयो । यसै गरी निम्न माध्यमिक तहमा कार्यरत् महिला शिक्षकहरुमा नेपालीमा विशिष्टता हासिल गरेका छन् । यो तथ्याङ्कबाट विद्यालयमा अध्ययन हुने मुख्य विषयहरुमा सबैभन्दा धेरै (५५ प्रतिशत) भाषा विषय (नेपाली र अंग्रेजी) मा दोस्रो सामाजिक शिक्षामा र बाँकी अन्य विषयहरुमा विशिष्टिकृत भएको देखिन्छ ।

### ४.१.४ महिला शिक्षकहरुको कार्यरत पदको नियुक्तिको प्रकार

कार्यरत पदमा नियुक्त सेवाको प्रकारको सम्पादन गरिरहेको कार्यसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । अझ उपरोक्त सेवासँग सम्वद्ध सेवा सुविधाको त झनै महत्व हुन्छ । त्यसैले यहाँ अध्यनमा संलग्न महिला शिक्षकहरुको नियुक्तिको प्रकारलाई पनि अध्ययनमा समावेश गरिएको छ । तथ्याङ्क अनुसार सवै महिला शिक्षकहरु अस्थायी दरवन्दी, राहत र पि.सी.एफमा कार्यरत छन् । तहगत रुपमा हेर्दा प्रा.वि. तहमा ९ जना र नि.मा.वि. तहमा १ जना रहेको छन् भने मा.वि. तहमा महिला शिक्षक नरहेको पाइयो । यसै गरी प्रा.वि. अस्थायी दरवन्दीमा १, प्रा.वि. राहत ८, र प्रा.वि. पी.सी.एफ. मा १ जना रहेको पाइयो भने नि.मा.वि. राहत १ जना रहेको पाइयो । कार्यरत शिक्षकको नियुक्तिको अवस्था हेर्दा सवै अस्थायी भएको र पी.सी.एफ.मा काम गर्ने शिक्षकको सरकारी स्केल वमोजिम त.भ. समेत नरहेको पाइयो ।

## ४.२ महिला शिक्षकहरुप्रतिको सरोकारवालाहरुको धारणा

लाम्पन्टार गा.वि.स. स्थित समुदायिक विद्यालयहरुमा सारोकारवालाहरुको महिला शिक्षकको शिक्षण अनुभव र व्यवहारप्रतिको धारण, बालमनोविज्ञान सम्बन्धी ज्ञानप्रतिको धारणा, प्रभावकारी प्रस्तुतिकरणप्रतिको धारणा, कार्यक्षेत्रमा लगनशीलताप्रतिको धारणा, बालबालिकाहरुलाई विद्यालयमा पढ्ने वातावरण सिर्जना गर्न सक्ने क्षमता सम्बन्धी ज्ञानप्रतिको धारणा, प्रभावकारी प्रस्तुतिकरणको धरणा, कार्यक्षेत्रमा लगनशीलताप्रतिको

धारणा, बालबालिकाहरुलाई विद्यालयमा पढ्ने वातावरण सिर्जना गर्न सक्ने क्षमता सम्बन्धी धरणा, नियमितता र सहनशीलताप्रतिको धारणा, समस्या समाधान गर्न सक्ने क्षमता र सामाजिकीकरण गर्न सक्ने क्षमता जस्ता धारणाहरु बुझ्नका लागि महिला शिक्षकका व्यवहारलाई, व्यक्तिगत, पेशागत र विद्यार्थीसँग गर्ने व्यवहार गरी तीन भागमा वर्गीकरण गरी उक्त विषयसँग सम्बन्धित मत सर्वेक्षण वाक्यहरु निर्माण गरिएको थियो । उक्त वाक्यहरुमा सरोकारवालाहरुको मत जाहेर गर्नका लागि मत सर्वेक्षण वाक्यहरु तयार पारिएका थिए जसमा अनिर्णितमा थोरै मात्र प्रतिक्रियाहरु प्राप्त भएका छन् । त्यसैले प्राप्त प्रतिक्रियाहरुको आधारमा महिला शिक्षकप्रतिको धारणाको निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ व्यक्तिगत व्यवहार

महिला शिक्षकको व्यक्तिगत व्यवहार भन्नाले यहाँ सहनशीलता, धर्यता, संयमता र आपसी सह-सम्बन्धलाई जनाउँछ । अध्ययनको क्रममा सारोकारवालाहरुबीच मत सर्वेक्षणका आधारमा शिक्षकहरुको व्यक्तिगत व्यवहारबारे बुझ्ने प्रयास गरिएको थियो । प्राप्त तथ्याङ्कको आधारमा महिला शिक्षकहरुको व्यक्तिगत व्यवहारप्रति सरोकारवालाहरुको धारणा मुख्यतय सकरात्मक रहेको पाइएको छ ।

मत सर्वेक्षणका लागि महिला शिक्षकहरु सहनशील, धैर्य, संयमी र आपसी सहसम्बन्ध सुमधुर राख्ने खालका हुन्छन् भन्ने वाक्य राखी त्यसमा सम्बन्धित सरोकारवालाहरुको मत लिइएको थियो । अध्ययनमा महिला शिक्षकहरु सहनशील, धैर्य, संयमी आपसी सह-सम्बन्ध सुमधुर राख्ने खालका हुन्छन् भन्ने सवालको समर्थनमा अधिकांस (८२ प्रतिशत) सरोकारवालाहरुले मत प्रकट गरका छन् । मत सर्वेक्षणमा सहभागी १०० सरोकारवालाहरुमध्ये १० जना (१० प्रतिशत) ले मात्र यसमा आफ्नो असहमति रहेको जनाएका छन् । सर्वेक्षणमा संलग्न केही सरोकारवालाहरु यो विषयमा अनिर्णित रहेका छन् । यसमा पनि सम्पूर्ण पुरुष शिक्षक र वि.व्य.स. प्रतिनिधिहरु, अधिकांश प्रधानाध्यापकहरु, अधिकांश अभिभावक र विद्यार्थीहरुले यस सवालमा समर्थन गरेका छन् । यसरी अधिकांश सारोकारवालाहरु महिला शिक्षकहरु सहनशील, धैर्य, संयमी र आपसी सह-सम्बन्ध सुमधुर राख्ने खालाका हुन्छन् भन्ने विषयमा सहमत रहेकोले महिला शिक्षकहरु पुरुषको तुलनामा सहनशील, धैर्य, संयमी र सुमधुर सम्बन्ध राख्ने खालका हुन्छन् भन्ने प्रमाणित हुन आँउछ ।

### ४.२.२ अध्यापन सम्वद्ध धारणा

अध्यापन सम्बद्ध धारणा भन्नाले महिला शिक्षकहरुको अध्यापन कार्यमा रहेको मिहेनत, लगनशीलता, व्यवहारिकता, नियमितता र रुची जस्ता विषयवस्तुहरुलाई समावेश गरी सरोकारवालाहरुको धारणा बुझ्ने प्रयास गरिएको थियो । यसका लागि महिला शिक्षाकहरु अध्यापन कार्यमा पुरुषको तुलनामा बढी मेहेनती, लगनशील, नियमित र व्यवहारिक हन्छन् भन्ने मत सर्वेक्षण वाक्यांस राखिएको थियो । उपरोक्त विषयमा सरोकारवालाहरुले प्रकट गरेको मतको अवस्था अनुसार समग्रमा अधिकांश (८५प्रतिशत) सरोकारवालाहरु महिला शिक्षकहरुको अध्यापन सम्बद्ध उपरोक्त गुण र क्षमताप्रति सहमत रहेको देखिन्छ । यसमा महिला शिक्षकहरुको पेशागत व्यवहारसँग सम्बद्ध धारणामा असहमति प्रकट गर्नेहरुमा विद्यालय व्यवस्थापन समितिका केही पदाधिकारीहरु बाहेक अन्य सबै सरोकारवालाहरु परेका छन् । यसरी हेर्दा महिला शिक्षकहरु अध्यापन कार्यमा बढी मिहेनती, लगनशील, व्यवहारिक, नियमित र रुचिपूर्ण हुन्छन् भन्ने धारणाको विपक्षमा ६ जनाको मात्र मत जाहेर भएको हुँदा यसबाट महिला शिक्षकहरु अध्यापन कार्यमा पुरुषको तुलनामा बढी मिहेनती, लगनशील, नियमित र व्यवहारिक हुने गरेको पाइयो ।

### ४.२.३ विषयवस्तुको प्रस्तुतिकरण

अध्ययनको क्रममा सम्बन्धित सरोकारवालाहरको धारणा बुझ्नलाई महिला शिक्षकहरुको विषयवस्तुको प्रस्तुतिकरण पुरुष शिक्षकहरुको तुलनामा बढी प्रभावकारी हुन्छ भन्ने धारणा मत सर्वेक्षण गरिएको थियो । मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार महिला शिक्षकहरुको विषयवस्तुको प्रस्तुतिकरण पुरुष शिक्षकको तुलनामा बढी प्रभावकारी हुन्छ भन्ने धारणाको पक्षमा (४०प्रतिशत) र विपक्षमा धेरै (५६ प्रतिशत) मत प्रकट भई बाँकी ( ४प्रतिशत) मत अनिर्णीत रहेको छ । यसबाट विषयवस्तुको प्रस्तुतिकरण, ज्ञान र क्षमतामा लिङ्गको प्रभाव खासै नहुने भन्ने कुरा देखिन आउँछ । अध्ययनका क्रममा धेरै सरोकारवालाहरुले महिला हुँदैमा उनको विषयवस्तुको प्रस्तुतिकरण पुरुषको भन्दा राम्रो हुने र पुरुष हुँदैमा उनीहरुको विषयवस्तुको प्रस्तुतिकरण महिलाको भन्दा कमसल हुने भन्ने हुदैन' भन्ने कुरालाई महत्वका साथ राखेका छन् जुन मत सर्वेक्षणबाट पनि देखिएको छ । यसबाट विषयवस्तुको प्रस्तुतिकरणमा लिङ्गको नभइ ज्ञान, सीप र क्षमताको भूमिका महत्वपूर्ण हुने देखिएको छ ।

### ४.२.४ समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीप

महिला शिक्षकहरुको समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीप मापन गर्नका लागि मत सर्वेक्षणार्थ महिला शिक्षकहरुको समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीप पुरुष  शिक्षकको तुलनामा बढी प्रभावकारी हुन्छ' भन्ने वाक्यांश राखेर उक्त विषयमा सरोकारवालाहरुले मत सर्वेक्षण गरी अध्ययन गरिएको थियो । यसमा सामाजिकीकरण अन्तर्गत समाज, घर-परिवार, शिक्षक, विद्यार्थी, साथी-समूह आदिमा सहजै र सजिलै घुलमेल हुनसक्ने क्षमतालाई जनाएको थियो भने समन्वयात्मक क्षमता भन्नाले मुख्य गरी शिक्षाका सरोकारवालाहरुबीच आपसी समन्वय कायम गर्ने गर्न सक्ने कार्यलाई इङ्गित गरिएको थियो ।

यस सम्बन्धमा सर्वेक्षण प्राप्त सारोकारवालाहरुको धारणा अनुसार महिला शिक्षकहरुको समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीप पुरुष शिक्षकको तुलनामा बढी नभएर पुरुष शिक्षकहरुको जस्तै (समान) वा न्यून रहेको पनि हुन सक्छ भन्ने पाइयो । यो सर्वेक्षणको विश्लेषणबाट यो सामान्यीकरण गर्न सकिन्छ कि शिक्षकहरुको समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीपमा लिङ्गको प्रभाव खासै हुँदैन । महिला हुँदैमा उनको समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीप बढी हुने वा पुरुषको भन्दा राम्रो हुने र पुरुष हुदैमा उनीहरुको समन्वयात्मक र सामाजिकीकरणको क्षमता र सीप महिलाको भन्दा कमसल हुने भन्ने हुदैन । त्यसैले यसमा पनि लिङ्गको नभइ ज्ञान, सीप र क्षमताको भूमिका महत्वपूर्ण हुने देखिएको छ ।

### ४.२.५ विद्यार्थी भर्ना, उपस्थिति र बालमैत्री शिक्षण

विद्यार्थी भर्ना, विद्यार्थी उपस्थिति र बालमैत्री शिक्षण सम्बन्धमा 'विद्यालयमा विद्यार्थीहरुको भर्नादर वृद्धि गरी सो भर्नालाई नियमित कायम गर्न र बालबालिकाहरुलाई बालमैत्री शिक्षण गर्ने कार्य  गर्नका लागि  पुरुष  शिक्षकरुको तुलनामा महिला शिक्षकहरुको भूमिका बढी प्रभावकारी हुन्छ भन्ने भन्ने धारणा अध्ययनको क्रममा मत सर्वेक्षण गरिएको थियो । सम्बन्धित सारोकारवालाहरुले यस सम्बन्धमा प्रकट गरेका छन्  भने बाँकी १३ जनाले मात्र यसको विपक्षमा आफ्नो मत दिएका छन् । यस विषयमा पनि केही मतदाताहरु अनिर्णित रहेका थिए । त्यसैले यस सर्वेक्षणबाट महिला शिक्षकहरुको भूमिका विद्यालयमा विद्यार्थी भर्ना गराउँन, भर्ना भएकालाई कक्षामा नियमित उपस्थिति गराउँन तथा बालमैत्री शिक्षण सिकाइ गर्नलाई पुरुष शिक्षकको तुलनामा बढी प्रभावकारी हुने गरेको पाइएको छ ।

### ४.२.६ समस्या सामाधान गर्न सक्ने क्षमता

अध्ययनको क्रममा शिक्षण सिकाइ कार्यसँगै विद्यालय र शिक्षण सिकाइ सम्बद्ध समस्याहरु समाधान गर्न सक्ने क्षमता पुरुष शिक्षकको तुलनामा महिला शिक्षकमा बढी हुन्छ, भन्ने धारणा राखेर सम्बन्धित सरोकारवालाहरुको मत सर्वेक्षण गर्ने कार्य गरिएको थियो । सर्वेक्षणमा माथि उल्लेखित सबै (१०० जना) सरोकारवालाहरु संलग्न थिए ।

यस सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुलाई प्रकट गरेको मतको अवस्थालाई विश्लेषण गर्दा ४४ जना सरोकारवालाहरुले यसलाई समर्थन गरेका छन् भेन ३६ जनाले यसको विपक्षमा आफ्नो मत प्रकट गरेका छन् । यसरी हेर्दा यस सम्बन्धमा समर्थन र असमर्थन गर्ने सरोकारवालाहरु लगभग बराबर जस्तै देखिन्छन् । त्यसैले प्रतिशतको हिसाबमा केही उल्लेखनीय भए पनि ४४ प्रतिशत (४४ जना) सरोकारवालाहरुको धारणालाई मात्र समेटेर यस धारणाको समर्थनमा बढी जोड दिन सकिने अवस्था देखिदैंन भने अर्कातिर प्रतिशतको हिसाबमा केही कमी भए पनि ३६ प्रतिशत (३६ जना) सरोकारवालाहरुको धारणलाई मात्र समेटेर यस धारणाको असमर्थनमा पनि जोड दिन सकिने अवस्था देखिदैन । तसर्थ यसबाट समस्या समाधान गर्ने क्षमता महिलाहरुको बढी नभएर पुरुष शिक्षकसँग समान रहेको हुन्छ भन्ने पाइन्छ । अर्थात् महिला हुँदैमा उनको शिक्षण सिकाइ कार्यसँगै विद्यालय र शिक्षण सिकाइ सम्वद्ध समस्याहरु समाधान गर्न सक्ने क्षमता बढी हुने वा पुरुषको भन्दा राम्रो हुने र पुरुष हुँदैमा उनीहरुको सो क्षमता र सीप महिलाको भन्दा कमसल हुने भन्ने हुदैन । त्यसैले यसमा पनि लिङ्गको नभइ विशेष ज्ञान, सीप र क्षमताको भूमिका महत्वपूर्ण हुने देखिएको छ ।

## ४.३ महिला शिक्षकहरुले सामना गर्नु परेका पेशागत समस्याहरु

सामुदायिक विद्यालयका महिला शिक्षकका पेशागत समस्याहरु पत्ता लगाउनका निम्ति लाम्पन्टार गा.वि.स. भित्रका प्रा.वि., नि.मा.वि. र मा.वि. गरेर जम्मा १० वटा सामुदायिक विद्यालयका ४० जना महिला शिक्षक मध्ये उद्देश्यात्मक नमुना छनोटका आधारमा १० जनामा गरिएको अन्तरवार्ता प्रश्नावलीबाट प्राप्त सूचनालाई तल व्याख्या विश्लेषण गरिएको छ ।

### ४.३.१ शिक्षण सिकाइसँग सम्बन्धित समस्याहरु

अध्ययनको क्रममा सम्बन्धित शिक्षक स्वयम्लाई ने शिक्षण सिकाईसँग सम्बन्धित समस्याहरुका बारेमा प्रश्नहरु सोधेर उत्तर लिने काम गरिएको थियो । यसरी शिक्षण सिकाइसँग सम्बद्ध समस्याहरुबारे प्राप्त नतिजालाई विश्लेषण गर्दा यस्ता समस्याहरु तहगत रुपमा फरक फरक भएको पाइएको छ । प्रा.वि. तहका महिला शिक्षकसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त सूचनालाई विश्लेषण गर्दा अधिकांश महिला शिक्षकहरुले विद्यार्थीका अभिभावकहरु अशिक्षित भएका कारण आफ्ना छोराछोरीहरुलाई पढ्ने वातावारणको अभाव, मनोवैज्ञानिक असर, भाषिक समस्या जस्ता समस्याहरु शिक्षण सिकाइमा पर्ने गरेको पाइएको छ ।

महिला शिक्षकककको व्यवहार र शिक्षण सिकाईसँगको समस्यालाई अध्ययन गर्दा धेरै जसो महिला शिक्षकहरुले कक्षाकोठाको प्रस्तुती विद्यार्थी सन्तुष्ट पार्न सक्ने क्षमता जस्ता कुरामा धेरै कमजोरी नरहेको पाइयो । बालमैत्री व्यवहार गरी बाल केन्द्रित शिक्षणविधा प्रयोग भएको पाइयो भने कक्षा अवलोकनमा गरिएको मूल्याङकनबाट शिक्षण प्रभावकारी रहेको पाइयो । यति हुँदाहुँदै पनि प्राथमिक तहमा प्रायजसो शिक्षण सिकाईमा समस्याको रुपमा विद्यार्थीहरु अति कमजोर र पढ्न मन नगर्ने, कमजोर विद्यार्थी मात्र सामुदायिक विद्यालयमा भर्ना हुने र जति राम्ररी पढाए पनि उनीहरु नै नपढ्ने र परीक्षामा धेरै विद्यार्थी अनुतिर्ण हुने गरेको पाइयो ।

नि.मा.वि. तहका महिला शिक्षकहरुसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीमा पनि खास समस्या नभएको, विद्यार्थीको क्षमता अनुसार कक्षाकोठा विषयवस्तुको प्रस्तुती गरिएको, कमजोर विद्यार्थीलाई निर्देशित गर्न अलि गाह्रो भएको, विद्यार्थी र शिक्षक दुवैले मेहनत गरे पुग्ने, कहिलेकाँही पाठ्यपुस्तकको समस्या देखिन्छ भनेको पाइयो भने अर्कोतिर विद्यार्थीको बुझ्ने, पढ्ने क्षमताले पनि फरक पार्दछ भनेको पाइयो । उक्त तहका महिला शिक्षकहरुको कक्षा अवलोकन गर्दा प्राय सबै महिला शिक्षकहरु आफ्नो उत्तरदायित्वबाट बञ्चित नभइकन समयमा कक्षाकोठामा जाने, कक्षाकोठाको प्रस्तुती, विषयवस्तुको प्रारम्भदेखि मूल्याङ्कन गर्ने पद्धति समेत राम्रो रहेको पाइयो ।

विद्यार्थीको घर, परिवार, समाज, साथी संगती र वातावरणले गर्दा विद्यार्थीको रुचि र क्षमतमा फरक परेको र उक्त रुचि र क्षमताले शिक्षण सिकाइमा समस्या परेको उनीहरुको धारणा छ भने विद्यालयले जान्ने र नजान्ने विद्यार्थीहरुका लागि उनीहरुको रुचि अनुरुप

शिक्षण सिकाइका सामाग्रीहरुको व्यवस्था गर्न नसकेकोले समस्या हुने गरेको उनीहरु बताउँछन् ।

### ४.३.२ विषयवस्तुको पूर्व तयारी

बालकालिकाहरुलाई कुनै पनि विषयको अध्यापन गराउँनका लागि अध्यापनकर्ता आफैलाई उक्त पाठ वा विषयवस्तुको बारेमा जाकारी हुन आवश्यक छ । पाठ्यपुस्तकमा दिइएको विषयवस्तु नै पर्याप्त नमानेर त्यस पाठ वा विषवस्तुसँग सम्बन्धित समय सापेक्ष नयाँ ज्ञान पनि अध्यापनकर्तालाई हुन आवश्यक छ । उक्त ज्ञान मात्रै भएर पनि पुग्दैन । त्यसैको लागि पाठयोजनाका आवश्यकता पर्दछ । त्यसैले कक्षाकोठा जानुअघि महिला शिक्षकले गर्ने पूर्व तयारीको अवस्था अध्ययनको दृष्टिले महत्वपूर्ण देखिन्छ ।

संकलित तथ्याङ्क अनुसार महिला शिक्षकहरुले कक्षा कोठामा जानु पूर्व खासै तयारी गर्ने नगरेको देखिएको छ । धेरै महिला शिक्षहरुले आवश्यक पर्दा मात्र तयारी गर्ने गरेको अध्ययनमा पाइयो । यसमा प्रा.वि.मा थोरै (२९ प्रतिशत) ले मात्र सधैं पूर्व तयारी गर्ने गरेको पाइयो । नि.मा.वि. तहमा सधै पूर्व तयारी गर्ने गरको समग्रमा सधै पूर्व तयारी गर्ने महिला शिक्षक (४५ प्रतिशत) भन्दा प्राय जसो आवश्यकता अनुसार तयारी गर्ने महिला शिक्षक ५५ प्रतिशत बढी पाइयो । तह र कक्षागत रुपमा तल्लो तहकाले कम र माथिल्लो तहकाले प्रायजसो सधैं कक्षाको पूर्व तयारी गर्ने गरेको पाइयो । अध्ययनमा धेरै शिक्षकरुले कक्षामा जानु अघि पूर्व तयारी गर्न समस्या हुने गरेको बताएको पाइएको छ ।

### ४.३.३ पूर्व तयारीका समस्याहरु

महिला शिक्षकका पेशागत समस्याहरु पत्ता लगाउन विभिन्न पक्षमा आधारित रहेर उनीहरुका पेशागत समस्याहरुबारे छलफल गरिएको थियो । जसमध्ये महिला शिक्षक कक्षाकोठामा जानुपूर्व गरिने विषयवस्तुको पूर्व तयारी गर्दा कस्ता समस्याहरु उत्पन्न हुन्छन् भन्ने सवालमा महिला शिक्षकसँग अन्तरवार्ता प्रश्नावली भराइएको थियो । प्रश्नावलीबाट प्राप्त तथ्याङ्क अनुसार सबभन्दा धेरै (७३ प्रतिशत) महिला शिक्षकहरुमा समयको अभावका कारण कक्षाकोठामा जानु अघि गरिने पूर्व तयारीमा समस्या उत्पन्न भएको पाइएको छ । उनीहरुका अनुसार आफूले पढाउने पिरियडहरुतगातार हुने र पिरियडहरु बीचमा कुनै पनि घण्टी खाली भएन भने पूर्व तयारीमा समस्या उत्पन्न हुन्छ । प्रायः महिला शिक्षकको कार्यभार ठिकै (२५-३० पिरियड) पाइए तापनि पिरियड मिलाउने समयमा लगातार पिरियड राखिदिने हुनाले बीचमा पर्ने पिरियडहरुको पूर्व तयारी राम्रो नभएको पाइयो ।

पूर्व तयारीमा समस्या देखाउने अधिकांश महिला शिक्षकले पर्याप्त र आवश्यक समय अभावका कारणले नै पूर्व तयारीमा समस्या परेको बताएका छन् । सन्दर्भ सामग्री अर्थात् सधै पूर्व तयारी गर्नका लागि पाठयोजना र अन्य विषयवसतुको खोजी गर्नका लागि 'विषयवस्तुसँग मिल्दोजुल्दो सामग्री निर्माण गर्न र सधैँ सबै पिरियडमा योजना निर्माण गर्न पर्याप्त सन्दर्भसामग्रीको अभाव हुने गरेको थोरै (१८ प्रतिशत) ले मात्र बताएका थिए ।

यसबाट के प्रष्ट हुन्छ भने प्रा.वि. तहमा अधिकांश महिला शिक्षकहरुलाई समय अभावका कारण दैनिक पूर्व तयारीमा समस्या उत्पन्न हुने गरेको छ । सन्दर्भसामग्रीको अभावका कारणले र वातावरणीय बाधाका कारणले पूर्व तयारीमा समस्या पर्ने महिला शिक्षकहरु थोरै मात्र पाइयो । नि.मा.वि. तहमा समयको अभाव र सन्दर्भ सामग्रीको अभावको कारणले पूर्व तयारीमा समस्या पर्ने गरेको देखिए तापनि कक्षामा भने सामग्री र पूर्व तयारीका साथ नै जाने गरेको पाइयो ।

### ४.३.४ सन्दर्भ सामग्री प्रयोगको समस्या

शिक्षण सिकाइका लागि आवश्यक पर्ने सन्दर्भ सामग्री प्रयोग गर्न समस्या रहेको कारण पनि शिक्षण सिकाइ प्रभावित हुने गरेको अध्ययनमा देखिएको छ । सन्दर्भ सामग्रीको प्रयोग गर्दा प्रा.वि. तहमा महिला शिक्षकहरुलाई विद्यार्थी संख्या बढी भएका कारणले सामग्री प्रयोगमा समस्या भएको सामग्रीसम्म पहुँचको कारण र निर्माण गर्न समय र साधनको अभाव भएकाले समस्या र झन्झट भएको पाइयो भने मा.वि. तहमा आर्थिक अभाव र विद्यार्थी संख्या बढी भएका करणले सामग्री प्रयोग मा समस्या हुने गरेको पाइयो ।

यसरी अधिकांश महिला शिक्षकहरुले विद्यार्थीका अभिभावकहरु अशिक्षित भएका कारण आफ्ना छोराछोरीहरुलाई पढ्ने वातावरण दिन नसकेको भएबाट बालकालिकाहरुका चेतनाको अभाव, उचित शैक्षिक वातावरणको अभाव, मनोवैज्ञानिक असर, भाषिक समस्या जस्ता समस्याहरु शिक्षण सिकाइमा पर्ने गरेको बताएबाट यो एउटा ठूलो समस्या भएको पाइउको छ । त्यस्तै, प्रायजसो शिक्षण सिकाईमा समस्याको रुपमा विद्यार्थीहरु अति कमजोर र पढ्न मन नगर्ने, कमजोर विद्यार्थी मात्र सामुदायिक विद्यालयका भर्ना हुने र जति राम्ररी पढाए पनि उनीहरु नै नपढ्ने र परीक्षामा धेरै विद्यार्थी अनुतिर्ण हुने गरेकाले समस्या भएको पाइयो । यसबाट एकातिर कहिलेकाँही पाठ्यपुस्तकको समस्या देखिन्छ भने अर्कोतिर 'विद्यार्थीको बुझ्ने, पढ्ने क्षमताले पनि फरक पारेको पाइन्छ ।

त्यसैगरी, विद्यार्थीको घर, परिवार, समाज, साथी संगती र वातावरणले गर्दा विद्यार्थीको रुचि र क्षमतामा फरक परेको र उक्त रुचि र क्षमताले शिक्षण सिकाइमा समस्या परेको पाइन्छ भने विद्यालयले जान्ने  र नजान्ने विद्यार्थीहरुका लागि उनीहरुको रुचि अनुरुप शिक्षण सिकाइका सामाग्रीहरुको व्यवस्था गर्न नसकेको पनि समस्या हुने गरेको देखिन्छ । महिला शिक्षकहरुले कक्षा कोठामा जानु पूर्व खासै तयारी गर्ने नगरेको पनि समस्या देखिएको छ । यसरी देखा पर्ने समस्यामा पर्याप्त र आवश्यक समय अभावका कारणले नै पूर्व तयारीमा समस्या परेको र सन्दर्भ सामग्रीहरुको व्यवस्था गर्न  नसकेकोले पनि समस्या हुने गरेको देखिन्छ। महिला शिक्षकहरुले कक्षा कोठामा जानु पूर्व खासै तयारी गर्ने नगरेको पनि समस्या देखिएको छ। यसरी देखा परेको  र सन्दर्भ सामग्री अर्थात् सधैं पूर्व तयारी गर्नका लागि पाठयोजना र अन्य विषयवस्तुको खोजी गर्नका लागि विषयवस्तुसँग मिल्दोजुल्दो सामग्री निर्माण गर्न र सधै सबै पिरियडमा योजना निर्माण गर्न पर्याप्त सन्दर्भसामग्रीको अभाव हुने गरेको समस्या हुनेगरेको छ।

# परिच्छेद : पाँच

## निष्कर्ष र सुझाव

शोधपत्रको यस परिच्छेदमा अध्ययनको प्राप्ति, निष्कर्ष रसुझावहरु समेटिएको छ । लाम्पन्टार गा.वि.स.स्थित सामुदायिक विद्यालयहरुमा महिला शिक्षकहरुको अवस्था सम्बन्धमा अन्तर्वार्ता, छलफल, विद्यालय सर्वेक्षण, मत सर्वेक्षण एवम् दस्तावेज अध्ययन आदिका माध्यमबाट प्राप्त तथ्याङ्कको आधारमा सुझवहरु प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष

सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरुको अवस्था अध्ययन गर्ने सन्दर्भमा सिन्धुली जिल्लाको लाम्पन्टार गा.वि.स. स्थित १० वटा विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरुको शैक्षिक योग्यता, तालिमको अवस्था र तिनीहरुले भोग्नु परेको पेशागत समस्याको बारेमा यो अध्ययन सञ्चालन गरिएको थियो । अध्ययनमा महिला शिक्षकहरुप्रति पुरुष शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु लगायतका स्थानीय सरोकारवालाहरुको धारणा पनि संकलन गरी विश्लेषण गरिएको थियो ।

विद्यालयीय शिक्षाको हकमा आवश्यक न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिको शैक्षिक योग्यता भएको शिक्षकहरु विद्यालयमा रहनु भनेको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण अवसर हो । यसर्थ, अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरुको शैक्षिक योग्यता आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा धेरै माथि रहेको देखिनु शैक्षिक गुणस्तर अभिवृद्धिको कोणमा महत्वपूर्ण पाइएको छ । शैक्षिक तालिमको हकमा अधिकांश शिक्षकहरु तालिम प्राप्त रहेको पाइयो । निम्न माध्यमिक  तहमा कायरत सम्पूर्ण शिक्षकहरु तालिम प्राप्त भएको र प्राथमिक तहका कर्यारत सबै शिक्षक पनि तालिम प्राप्त रहेको पाइयो । यसबाट समग्रमा महिला शिक्षकहरुको तालिमको अवस्था सन्तोषजन देखिन्छ ।

शैक्षिक विशिष्टिकरणको हकमा नेपाली विषयमा शिशिष्टिकरण गर्ने शिक्षकहरुको संख्या अधिक छ भने सामाजिक शिक्षा, अंग्रजी र विज्ञानमा कम शिक्षकहरुको विशिष्टिकरण पाइयो । गणित विषयमा भने कुनै पनि शिक्षकहरु विशिष्टिकरण भएको पाइएन । तहगत रुपमा प्राथमिक तहका सबैभन्दा धेरै शिक्षकहरु नेपाली विषयमा विशिष्टिकरण हासिल गरेका पाइयो । यसैगरी निम्न माध्यमिक तहमा कार्यरत् महिला शिक्षकहरुले पनि नेपालीमा

मात्र विशिष्टिता हाँसिल गरेको पाइयो । यसबाट विद्यालयीय तहमा अध्ययन हुने मुख्य विषयहरुमा सबैभन्दा धेरै भाषा विषय (नेपाली र अंग्रेजी) मा, दोस्रो सामाजिक शिक्षामा र बाँकी अन्य विषयहरुमा विशिष्टिकृत भएको देखिन्छ ।

अध्ययनमा अधिकांश (८२ प्रतिशत) सरोकारवालाहरुले महिला शिक्षकहरु सहनशील, धैर्य, संयमी र आपसी सह-सम्बन्ध सुमधुर राख्ने खालका हुन्छन् भन्ने सवालको पक्षमा मत प्रकट गरेबाट महिला शिक्षकहरु सहनशील, धैर्य, संयमी र आपसि सह- सम्बन्ध सुमधुर राख्ने खालका हुने पाइएको छ । अध्ययनले अध्यापन कार्यमा महिला शिक्षकहरु पुरुषको तुलनामा बढी मिहेनती, लगनशील, नियमित र व्यवहारिक हुने गरेको देखाएको छ । त्यसैगरी विषयवस्तुको प्रस्तुतिकरण, ज्ञान र क्षमतामा लिङ्गको प्रभाव खासै नहुने कुरा देखिन आएकोले महिला हुँदैमा विषयवस्तुको प्रस्तुतिकरण पुरुषको भन्दा राम्रो हुने र पुरुष हुँदैमा विषयवस्तुको प्रस्तुतिकरण महिलाको भन्दा कमसल हुने भन्ने नहुने सर्वेक्षणबाट देखिएको छ । त्यसैगरी विषयवस्तुको प्रस्तुतिकरण महिलाको भन्दा कमसल हुने भन्ने नहुने सर्वेक्षणबाट देखिएको छ । अध्ययनमा महिला शिक्षकहरुको समन्वयात्मक तथा सामाजिकरणको क्षमता र सीप पुरुषहरुको तुलनामा बढी नभएर पुरुष शिक्षकहरुको जस्तै (समान) वा सो भन्दा न्यून हुने गरेको पाइयो तर विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गराउन, उनीहरुको उपस्थिति नियमित गराउन तथा कक्षामा बालमैत्री शिक्षण गर्नलाई महिला शिक्षकहरुको भूमिका पुरुष शिक्षकको तुलनामा बढी प्रभावकारी हुने गरेको पाइयो । साथै अध्ययनले महिला शिक्षकहरुमा शैक्षिक समस्या समाधान गर्न सक्ने क्षमता पुरुष शिक्षकको तुलनामा बढी नभएर पुरुष शिक्षकसँग समान रहेको पनि देखाएको छ ।

अध्ययनको क्रममा शिक्षकहरुको शिक्षण सिकाइसँग सम्बद्ध समस्याहरु तहगत रुपमा फरक फरक भएको पाइएको छ । प्रा.वि. तहका विद्यार्थीका धेरै अभिभावकहरु अशिक्षित भएका कारण आफ्ना छोराछोरीहरुलाई पढ्ने वातावरण दिन नसक्ने भएकोले बालबालिकाहरुमा चेतना तथा उचित वातावरणको अभाव, मनोवैज्ञानिक असर, भाषिक समस्या जस्ता समस्याहरुले शिक्षकलाई समस्या पारेको पाइयो । नि.मा.वि. तहमा विद्यार्थीको क्षमता अनुसार कक्षाकोठामा विषयवस्तुको प्रस्तुती गरिएको तर कमजोर विद्यार्थीलाई निर्देशित गर्न अलि गाह्रो भएको पइयो भने अर्कोतिर विद्यार्थीको बुझ्ने, पढ्ने क्षमताले पनि फरक असर गरेको पाइयो । यसका साथै विद्यालयले जान्ने र जनान्ने

विद्यार्थीहरुका लागि उनीहरुको रुचि अनुरुप शिक्षण सिकाइका सामाग्रीहरुको व्यवस्था गर्न नसकेकोले पनि समस्या हुने गरेको भेटियो ।

विषयवस्तुको पूर्व तयारीको हकमा महिला शिक्षकहरुले कक्षा कोठामा जानु पूर्व खासै तयारी नगर्ने गरेको देखिएको छ । धेरै महिला शिक्षकहरुले आवश्यक पर्दा मात्र तयारी गर्ने गरेको अध्ययनमा पाइयो । यसमा प्रा.वि.मा थोरैले मात्र सधै पूर्व तयारी गर्ने गरेको पाइयो भने अधिकांशले आवश्यकता पर्दा पूर्व तयारी गर्ने गरेको पाइयो । नि.मा.वि. तहका सधै पूर्व तयारी गर्ने गरेको पाइयो, भने तह र कक्षागत रुपमा तल्लो तहकाले कम र माथिल्लो तहकाले प्रायजसो कक्षाको पूर्व तयारी गर्ने गरेको पाइयो ।

अध्ययनबाट महिला शिक्षकहरुमा समयको अभावका कारण कक्षाकोठामा जानु अघि गरिने पूर्व तयारीमा समस्या उत्पन्न भएको पाइएको छ । उनीहरुको पढाउने पिरियडहरु लगातार हुने र पिरियडहरु बीचमा कुनै पनि घण्टि खाली नहुने भएकोले पूर्व तयारीमा समस्या उत्पन्न हुने गरेको छ । सन्दर्भ सामग्रीको अभाव र वातावरणीय बाधाका कारणले पनि पूर्व तयारीमा समस्या पर्ने गरेको छ ।

## ५.२ सुझावहरु

स्थलगत अध्ययनबाट संकलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

सामुदायिक विद्यालयहरुमा महिला शिक्षकहरुको संख्या वृद्धि गर्न सामना र समताको आधारमा पुरुष शिक्षहरु बराबरै संख्यामा महिला शिक्षकहरु  नियुक्त गर्नलाई विशेष नीतिगत व्यवस्था गर्न सोही अनुरुपको नीति निर्माण गरी आवश्यक परेको खण्डमा सम्बन्धित कानुनी प्रावधानमा समेत परिवर्तन गरेर यस सम्बन्धमा नीतिगत व्यवस्था गर्नुपर्ने  हुन्छ । विद्यालयमा नै विशेष कार्यक्रम तय गर्नलाई हालको व्यवस्थामा थप नीतिगत व्यवस्था गरी छात्रा भर्नादरलाई वृद्धि  गर्नुपर्दछ । पुरुष र महिला शिक्षकहरुबीच लैङ्गिक विभेदको अन्त्य गरी महिलाहरुलाई लैङ्गिक समतामूलक शैक्षणिक नीतिको तत्काल व्यवस्था गर्नुपर्दछ । यसका साथै विद्यालय सम्बद्ध स्थानीय सरोकारवालाहरुमा महिला शिक्षकहरुप्रति सकरात्मक भावना सिर्जना र वृद्धि गर्न जनचेतना अभिवृद्धिका चेतनामूलक कार्यक्रमहरु तय गरी तत्काल कार्यान्वयनको आवश्यक व्यवस्था सरकारले मिलाउनु तथा गर्नुपर्ने हुन्छ ।

### ५.२.२ अभ्यास तह

नीति तथा कार्यक्रम कार्यान्वयन तहले सम्बन्धित विषयमा तय भएको नीतिगत व्यवस्थाहरुको सफल कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । कार्यक्रमको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको जरुरत पर्ने हुँदा अनुगमन तथा मूल्याङ्कनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुपर्ने हुन्छ । महिला शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी, सेमिनार तथा थप प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्नुपर्छ । शिक्षक संख्या कम भएका र कार्यभार बढी भएका विद्यालयहरुमा थप दरवन्दी व्यवस्था गरी योग्य र दक्ष महिला शिक्षकहरु नियुक्ति गर्नुपर्छ । शिक्षक संख्या कम भएका र कार्यभार बढी भएका विद्यालयहरुमा थप दरवन्दी व्यवस्था गरी योग्य र दक्ष महिला शिक्षकहरु नियुक्ति गर्नुपर्छ । सामुदायिक विद्यालयहरुका माध्यमिक तहमा महिला शिक्षक संख्या न्यून भएकोले दक्ष र योग्य महिला शिक्षकहरु थप गर्दै लैजाने नीतिको सफल कार्यान्वयनका लागि नीति अनुरुप आवश्यक कार्यन्वय प्रक्रिया शुरु गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयहरुमा सिकाइको गुणस्तर सुधारको लागि महिला शिक्षकहरुमा गणित, विज्ञान ता अंग्रेजी जस्ता विषयमा विशिष्टता हासिल गराउनलाई आवश्यक व्यवस्था मिलाई प्रक्रिया शुरु गर्न आवश्यक छ । महिला शिक्षकहरुमा अध्यापनको क्रममा प्रा.वि. तथा नि.मा.वि. तहमा पूर्ण रुपमा पूर्व तयारी नहुने देखिएको हुँदा सो सम्बन्धमा उनीहरुलाई सचेत गराइ अनिवार्य पूर्व तयार गर्नुपर्ने व्यवस्था गर्नुपर्छ । विद्यालयहरुमा अध्यापनको क्रममा महिला शिक्षकरुले भोग्नु पर्ने सामाजिक, लैङ्गिक तथा पेशागत समस्यालाई समाधानको लागि राज्यबाट उचित व्यवस्था गर्नुपर्छ । साथै, लैङ्गिक विभेद उन्मुलन गरी समतामूलक समाजको निर्माण गर्न स्थानीय स्तरमा जनचेतना अभिवृद्धिको चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

यो अध्ययन छोटो समय र सानो नमूनामा सञ्चालन गरिएको हुँदा यसका प्राप्तिहरु पनि सीमित हुने हुँदा त्यसलाई सामान्यिकरण गर्न गाह्रो हुन्छ । त्यसैले त्यस सम्बन्धमा ठूलो नमूना र लामो समयमा थप अनुसन्धान गर्न आवश्यक देखिन्छ । शिक्षा विभागले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेर नै सामुदायिक विद्यालयहरुमा महिला शिक्षकहरुको अवस्थाबारे गहन अनुसन्धान गर्न आवश्यक छ । यो अध्ययनले सरोकारवालाहरुको सिमित

धारणा मात्र समेटेको हुँदा भविष्यमा सरकारी, अर्धसरकारी निकायहरुबाट हुने अनुसन्धानात्मक कार्यहरुमा ठूलो नमूनामा सारोकारवालाहरुको महिला शिक्षकप्रतिको वृहत अवधारणा समावेश गरी अनुसन्धान गर्नुपर्ने हुन्छ । महिला शिक्षकहरुमा तालिमको प्रभाव र प्रभावकारीताबारे थप अध्ययन गर्नुपर्ने देखिएकोले शैक्षिक जनशक्ति विकास केन्द्र वा सम्बद्ध अन्य निकायबाट यस सम्बन्धमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

त्यसैले सामुदायिक विद्यालयका महिला शिक्षकहरुको अवस्था सुधार गर्न उनीहरुको योग्यता, तालिम, अनुभवका आधारमा उनीहरुले गर्ने कार्यको व्यवस्था गरिनु आवश्यक छ । शिक्षक कम र कार्यभार बढी भएका विद्यालयमा थप योग्य महिला शिक्षक नियुक्त गर्नु पर्ने, अंग्रेजी, विज्ञान र गणित जस्ता विषयहरु पढाउने शिक्षहरुलाई प्रोत्साहन गर्दै माध्यमिक तहमा शिक्षक दरवन्दी थप गरी महिला शिक्षक नियुक्ति गर्दै लैजाने नीति अवलम्बन गर्नु पर्ने तथा महिला शिक्षकहरुको नेतृत्व विकास हुने किसिमको पेशागत संगठन गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


उप्रेती, नरेन्द्र(२०६६) *सञ्चार अनुसन्धान पद्धती र अभ्यास,* काठमाडौँः साझा प्रकाशन ।

काफ्ले, वासुदेव साथीहरु (२०६०), *शैक्षिक प्रशासन र सुपरीवेक्षण,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

के.सी., नारायणी (२०६५), *समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुको स्रोत संकलन र उपयोगको अध्ययन, अप्रकाशित शोधपत्र,* कीर्तिपुरः शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

थापा, विजयकुमार (२०५५), *विद्यालय शिक्षामा लगानी र प्रतिफल, विकासको निम्ति शिक्षा* त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

शर्मा, दिपक (२०६६), नेपालको शिक्षामा लगानीको सन्दर्भ र सवालहरु (शैक्षिक स्मारिका), भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग (२०६६),*समुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य (पहिलो संशोधन निर्देशिका २०५९, भक्तपुर ।*

Acharya, M.(1979). The Statistical Profile of Nepalse Women. Kathmandu: Author

Acharya, M. (1981). A Study On Status of Women. CEDA: T.U.

Best, J.W. and Khan, J.V. (2009). Rearch in education. New Delhi: Prentice Hall of India.

Bista, M. (2006). Status of Female Teacher in Nepal, Kathmandu: UNESCO.

Bista, M. (2004). A Review of Reach Literature on Girls' Education. Kathmandu: UBESCO Field office

BPEP(2002). Increase of female teachers in rural school of Nepal. Kathamandu: Author.

CERID (2004). Female Teachers in Primari School :distribution pattern, training and transfer, Kathmandu: Author.

DoE (2060) . Community Support Program. Bhaktpur: Author.

Koul, L. (1995), Methodology of Educational Rearch. New Delhi: Vikash Publishing House.

MITRA. (2001). A Study Report on Analyzing Female Teacher Recruitment and Development Policy, Kathmandu: Author.

## अनुसूची १

## लिङ्ग अनुसार शिक्षकको अवस्था सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था

तालिका १

लिङ्ग अनुसार शिक्षकहरुको अवस्था

| तह | स्थायी प्रतिशत | | | अस्थायी प्रतिशत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रा.वि. | ६० | २७ | ५० | ४० | ७३ | ५० | ७९६२१ | ३२७३९ | ११२३६० |
| नि.मा.वि. | ४१ | ४२ | ४१ | ५९ | ५८ | ५९ | २४९९० | ४९०५ | २९८९५ |
| मा.वि. | २९ | २८ | २९ | ७१ | ७२ | ७१ | २११०३ | २१९४ | २३२९७ |
| सबै तह | ५१ | २९ | ४६ | ४९ | ७१ | ५४ | १२५७१४ | ३९८३८ | १६५५५२ |

स्रोतः DOE (2003)

तालिका २

तालिम प्राप्त महिला शिक्षकको प्रतिशत (१९९०-२००३)

| तह | २००० | २००१ | २००२ | २००३ |
|---|---|---|---|---|
| प्राथमिक | २८.८ | २१.१ | २३.८ | २४.८ |
| नि.मा.वि. | १४.५ | ११.३ | १३.४ | १४.० |
| मा.वि. | ८५ | ७.५ | ८.३ | ८.१ |

स्रोतः UNESCO (2003)

तालिका ३

तालिम प्राप्त महिला शिक्षकहरुको प्रतिशत (२०१०) (माध्यमिक मात्र)

| तालिमको अवस्था | माध्यमिक(९-१०) | | | उच्च माध्यमिक | | | माध्यमिक (९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| तालिम प्राप्त | ४९२४ | २३,८५६ | २८७८० | १३२० | ६४८२ | ७८०२ | ६२४४ | ३०३३८ | ३६५८२ |
| आंशिक तालिम प्राप्त | ५४९ | १७२९ | २२८७ | ८२ | १७६९ | १८५१ | ६३१ | ३४९८ | ४१२९ |
| तालिम अप्राप्त | ३४९ | २३८३ | २७७७ | ५७३ | ५१९९ | ५७७२ | ९६७ | ७५८२ | ८५४९ |

स्रोतः फ्लास रिपोर्ट, २०१०

तालिका ४

कक्षा अवलोकनको अवस्था

| क.स | अवलोकनको विषयवस्तुहरु | अवलोकनको अवस्था (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | उत्तम | राम्रो | मध्यम | कमजोर | कैफियत |
| १. | कक्षा समयको नियमितता | ९ | ५५ | २७ | ९ | |
| २. | कक्षा/विद्यार्थी व्यवस्थापन | १८ | ६४ | १८ | | |
| ३. | भौतिक वातावरणको व्यवस्थापन | | ७३ | २७ | | |
| ४. | विषयवस्तुहरुप्रतिको दखल | २७ | ६४ | ९ | | |
| ५. | कक्षा प्रारम्भ | १८ | ५५ | २७ | | |
| ६. | भाषा शैली | १८ | ६४ | ९ | | |
| ७. | स्पष्टता | | ८२ | १८ | | |
| ८. | शैक्षिक सामाग्रीको प्रयोग | | ३६ | ६४ | | |
| ९. | शिक्षण शिकाइ क्रियाकलाप | ९ | ४५ | ४५ | | |
| १०. | पाठको सारांश | ९ | ४५ | ३६ | ९ | |
| ११. | विद्यार्थी सहभागिता | ३६ | ५५ | ९ | | |
| १२. | कक्षा अनुसासन | १८ | ६४ | ९ | ९ | |
| १३. | मूल्यांकन | ९ | ५५ | ३६ | | |
| १४. | गृहकार्य | | ४५ | ४५ | ९ | |
| १५. | छात्रासँग गर्ने व्यवहार | | १०० | | | |
| १६. | छात्रसँग गर्ने व्यवहार | | १०० | | | |
| १७. | कक्षा (पठन पाठन )को समाप्ती | १८ | ६४ | १८ | | |

स्रोत: स्थालगत सर्वेक्षण, २०६९

## अनुसूची २

## महिला शिक्षकहरुका लाीग प्रश्नावली

सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था

कृपया तलका प्रश्नहरुको उत्तर दिनुहुन अनुरोध  छ ।

नामः

विद्यालयको नामः

हाल कार्यरत पदः

अध्यापन गर्ने तहः

अध्यापन गर्ने विषयः

कर्याभार (हप्ता/पिरियड)

माथिल्लो शैक्षिक योग्यताः

शिक्षण अनुभवः

नियुक्ति भएको मितिः

प्रश्नावली भरेको मितिः

प्रश्नवली भर्नेको हस्ताक्षर :

विद्यालयको छापः

१.  शैक्षिक योग्यताको विवरण तलको तालिकामा उल्लेख गर्नुहोस् ।

| क.सं. | योग्यता | विशिष्टिकरणको विषय | उत्तीर्ण श्रेणी | उतीर्ण वर्ष |
|---|---|---|---|---|
| १. एस.  एल.सी. | | | | |
| २. प्रमाण पत्र/१२ | | | | |
| ३. स्नातक | | | | |
| ४.स्नातकोत्तर | | | | |
| ५. स्नातकोत्तर माथि | | | | |

२. तपाई कार्यरत  पदको नियुक्ति कस्तो खालको हो ?

क.	स्थायी

ख.	अस्थायी

ग.	राहात

घ.	निजी

ङ.	पी.सी.एफ.

३. शिक्षण सिकाईसँग सम्बद्ध कुनै तालिम प्राप्त गर्नुभएको छ ?

क.	छ	ख.	छैन ।

छ भने तालिमको विवरण तल उल्लेख गर्नुहोला ।

| तालिमको नाम | विषय | अवधि |
|---|---|---|
| १.<br>२.<br>३. | | |

छैन भने किन ? कारण दिनुहोला ।

४. शिक्षण पेशामा तपाईले कुनै पुरस्कार तथा दण्ड जरिवाना र कारवाही पुउनु भएको छ

क. छ। ख. छैन

छ भने तालिमको विवरण तल उल्लेख गर्नुहोला ।

| पुरस्कार | | | दण्ड- जरिवाना र कारवाही | | |
|---|---|---|---|---|---|
| विवरण | कति पटक | कसले दिएको | विवरण | कति पटक | कसले दिएको |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

५. अध्यापन कार्यमा के के समस्याहरु छन् ? बुँदागत उत्तर दिनुहोला ।

क. विषयवस्तु सम्बन्धी

ख. विद्यालय सम्बन्धी

ग. विद्यार्थी सम्बन्धी

घ.घर-परिवार सम्बन्धी

ङ. सहकर्मी सम्बन्धी

६. शिक्षण सिकाइका सन्दर्भमा के-कस्ता समस्याहरु छन् ?

क. सन्दर्भ सामाग्रीको पर्याप्तता र प्रयोग

ख. पूर्व तयारी

ग. शैक्षिक सामाग्रीको अभाव

घ. समयको व्यवस्थापन

ङ. कक्षाकोठाको वातावरण

च. सहकर्मीको व्यवहार

सहयोगगको लागि हार्दिक धन्यवाद ।

## अनुसूची ३

सरोकारवालाहरु (प्रधानाध्यापक, पुरुष शिक्षक, व्यस्थापन समिति, अभिभावकर विद्यार्थी) को महिला शिक्षकप्रतिको धारणा संकलनार्थ मत सर्वेक्षण फारम

**सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था**

मतदाताको नाम :

ठेगाना :

सम्बन्धित विद्यालयको नाम :

सरोकार पद :

मत सर्वेक्षण गरिएको मिति :

मतदातको हस्ताक्षर :

कृपया आफूलाई उचित लागेको उत्तरमा रेजा चिन्ह (  ) लगाई तलको तालिकामा आफ्नो मत जाहेर गर्नुहोला । प्रत्येक सवालहरुमा एउटा मात्र अनिवार्य मत दिनुहुन अनुरोध छ ।

| क.सं. | सवालहरु | मत | | | | |
|---|---|---|---|---|---|---|
| | १. पूर्ण सहमत, २ सहमत, ३. असहमत, ४.पूर्ण सहमत र ५. अनिर्णीत | १ | २ | ३ | ४ | ५ |
| १ | महिला शिक्षकहरु अध्यापन कार्यमा बढी मेहनती हुन्छन् । | | | | | |
| २ | महिलाहरु अध्यापन कार्यमा बढी लगनशिल हुन्छन् । | | | | | |
| ३ | महिला शिक्षकहरु अध्यापन कार्यमा बढी व्यवहारिक हुन्छन् । | | | | | |
| ४ | महिला शिक्षकहरु बालमैत्री शिक्षण गर्दछन् । | | | | | |
| ५ | महिला शिक्षकहरुको विषयवस्तुको प्रस्तुतीकरण प्ररुपको भन्दा बढी प्रभावकारी हुन्छ । | | | | | |
| ६ | महिलाहरु शिक्षण कार्यमा बढी नियमित हुन्छन् । | | | | | |
| ७ | महिला शिक्षकहरु सामाजिकीकरण पुरुषको तुलनामा बढी र प्रभावकारी हुन्छ । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | महिला शिक्षकहरु समस्या समाधान गर्ने क्षमता पुरुषको तुलनामा बढी हुन्छ । | | | | | |
| ९ | महिला शिक्षकहरु सामाजिकीकरण पुरुषको तुलनामा बढी र प्रभावकारी हुन्छ । | | | | | |
| १० | विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गराउन महिला शिक्षकहरुको भूमिका बढी प्रभावकारी हुन्छ | | | | | |
| ११ | विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थिति कायम राख्न महिला शिक्षकको भूमिका बढी प्रभावकारी छ | | | | | |
| १२ | महिला शिक्षकहरुमा सरोकारवालाहरुबीच समन्वय गर्ने क्षमता पुरुष शिक्षकहरुको भन्दा बढी हुन्छ । | | | | | |

सहयोगको लागि हार्दिक धन्यवाद ।

# अनुसूची ४

महिला शिक्षकहरुको कक्षा अवलोकन फारम सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था

विद्यालयको नामः कक्षाः

महिला शिक्षकको नामः विषयः

अध्यापन गरेको तहः एकाईः

कक्षा अवलोकन मितिः पाठ शीर्षकः

अवलोकनकर्ताको हस्ताक्षरः

| क्र.सं. | अवलोकनको विषयवस्तुहरु | अवलोकनको अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| १ | **कक्षा समयको नियमितता** | **उत्तम** | **राम्रो** | **मध्यम** | **कमजोर** | **कैफियत** |
| २ | कक्षा/विद्यार्थी व्यवस्थापन | | | | | |
| ३ | भौतिक वातावरणको व्यवस्थापन | | | | | |
| ४ | विषयवस्तुप्रतिको दखल | | | | | |
| ५ | कक्षाको प्रारम्भ | | | | | |
| ६ | भाषा शैली | | | | | |
| ७ | स्पस्टता | | | | | |
| ८ | शैक्षिक सामाग्रीको प्रयोग | | | | | |
| ९ | पाठको सारांश | | | | | |
| १० | विद्यार्थी सहभागिता | | | | | |
| ११ | कक्षा अनुशासन | | | | | |
| १२ | कक्षा अनुशासन | | | | | |
| १३ | मूल्याङ्कन | | | | | |
| १४ | गृहकार्य | | | | | |
| १५ | छात्रासँग गर्ने व्यवहार | | | | | |
| १६ | कक्षा (पठनपाठन) को समाप्ति | | | | | |
| १७ | शिक्षण सिकाई क्रियाकलाप | | | | | |

# अनुसूची ५

विद्यालय सर्वेक्षण फारम सामुदायिक विद्यालय महिला शिक्षकहरुको अवस्था

विद्यालयको नाम : सर्वेक्षण मिति :

प्रधानाध्यापकको नाम : सर्वेक्षकको हस्ताक्षर :

१. शिक्षकको विवरण :

| तह | महिला शिक्षक संख्या | पुरुष शिक्षक संख्या | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | | | |
| नि.मा.वि. | | | |
| मा.वि. | | | |
| उ.मा.वि. | | | |
| जम्मा | | | |

२. महिला शिक्षकहरुको तालिमको अवस्था

| तह | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | | | |
| नि.मा.वि. | | | |
| मा.वि. | | | |
| उ.मा.वि. | | | |
| जम्मा | | | |

३. सेवाको अवस्था:

| तह | सेवा अवस्था (संख्यामा) | | | | |
|---|---|---|---|---|---|
| | स्थायी | अस्थायी | राहत | पि.सि.एफ. निजी | जम्मा |
| प्रा.वि. | | | | | |
| नि.मा.वि. | | | | | |
| मा.वि. | | | | | |
| उ.मा.वि. | | | | | |
| जम्मा | | | | | |

४. शिक्षण सेवाको अनुभव

| त्ह | अनुभव (वर्षमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | ५ भन्दा कम | ५ | ५-१० | १०-१५ | १५-२० | २० भन्दा माथि | जम्मा |
| प्रा.वि. | | | | | | | |
| नि.मा.वि. | | | | | | | |
| मा.वि. | | | | | | | |
| उ.मा.वि. | | | | | | | |
| जम्मा | | | | | | | |

## अनुसूची - ६

अध्ययनका लागि नमूना छनोटमा परेका विद्यालयहरु ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षाहरु |
|---|---|---|---|
| १ | डम्वर प्रा.वि. सिकारी डाँडा | लाम्पन्टार-३, सिन्धुली | १-४ |
| २ | प्रा.वि. लम्सार डाँडा | लाम्पन्टार-७, सिन्धुली | १-५ |
| ३ | प्रा.वि. ढुंग्रे अवल | लाम्पन्टार-२, सिन्धुली | १-५ |
| ४ | मा.वि. वाङरिङ्ग फेदी | लाम्पन्टार-३, सिन्धुली | १-१० |
| ५ | प्रा.वि. लाम्पन् डाँडा | लाम्पन्टार-५, सिन्धुली | १-५ |
| ६ | जन प्रेमी उ.मा.वि. स्याङ्ती | लाम्पन्टार-९, सिन्धुली | १-१२ |
| ७ | राज्य लक्ष्मी प्रा.वि. दर्लामीटार | लाम्पन्टार-८, सिन्धुली | १-५ |
| ८ | नि.मा.वि. लंगुर डाँडा | लाम्पन्टार-२, सिन्धुली | १-८ |
| ९ | प्रा.वि. ज्यामजिम | लाम्पन्टार-६, सिन्धुली | १-५ |
| १० | उ.मा.वि. लाम्पन् वतासे | लाम्पन्टार-४, सिन्धुली | १-१२ |

अध्ययनका लागि नमूना छनोटमा परेका विद्यालयहरु सामुदायिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था

| क्र.सं. | शिक्षकको नाम | तह | योग्यता | तालिम | नियुक्तिको प्रकार |
|---|---|---|---|---|---|
| १ | गिता तिमल्सेना | प्रा.वि | १०+२ | प्राप्त | पी.सी.एफ |
| २ | मिलन कुमारी केसी | प्रा.वि | १०+२ | प्राप्त | राहत |
| ३ | सिता कुमारी गौतम | प्रा.वि | १०+२ | प्राप्त | राहत |
| ४ | कुन्ता पहाडी | प्रा.वि | वि.एड. | प्राप्त | राहत |
| ५ | सिता कुमारी खत्री | प्रा.वि | वि.एड. | प्राप्त | राहत |
| ६ | सारदा दुलाल | नि.मा.वि. | वि.एड | प्राप्त | राहत |
| ७ | हिरा घिमिरे | प्रा.वि | वि.एड. | प्राप्त | राहत |
| ८ | यमुना देवी वास्तोला | प्रा.वि | वि.एड. | प्राप्त | राहत |
| ९ | बालकुमारी राउत | प्रा.वि | १०+२ | प्राप्त | राहत |
| १० | दुर्गा अधिकारी | प्रा.वि | १०+२ | प्राप्त | दरवन्दी |